


PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com

NITCO
TILES MARBLE MOSAICO
Parsa Marble & Tiles Pvt. Ltd. Birgunj
Adarshnagar-10 in Front Of Panitanki
Gate Parsa Nepal 051-591592, 9811895095

❖ वर्ष ३४ ❖ २०७८ साउन २९ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 August 13 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३४६

## वडामा अख्तियारको छापा, महानगरमा छानबिन


प्रस, वीरगंज, २८ साउन/

अख्तियार दुरुपयोग अनुसन्धान आयोग हेटौंडाले वीरगंज महानगरपालिका–१४ वडा कार्यालयमा छापा मारेको छ।

वडा कार्यालयबाट प्रदान गरिने सेवाबापत लिने शुल्कको रसिद नदिने र सो शुल्क महानगरपालिकाको राजस्व फाँटमा दाखिला नगरेको सूचनाको आधारमा छापामारी गरिएको हो।

छापामारीको क्रममा वडा कार्यालयका सहायक सचिवले शुल्क महीनौंसम्म दाखिला नगरेको प्रमाण फेला परेको थियो। सोही प्रमाणको आधारमा अख्तियारको टोलीले वीरगंज महानगरपालिकाको राजस्व फाँटमा पनि छानबिन गरेको छ। वडा कार्यालयमा अनियमितता सम्बन्धमा राजस्व महाशाखाको संलग्नता हुन सक्ने आधार देखी सो कार्यालयको कम्प्युटर नियन्त्रणमा लिएर अनुसन्धान गरिएको छ।

अख्तियारको पाँचजनाको टोलीले महानगरको राजस्व शाखाको आर्थिक प्रणालीको चेकजाँच गरिरहेको छ।



वडा कार्यालयमा छापामारी गर्दै अख्तियारको टोली। तस्वीरः प्रतीक

वीरगंज महानगरपालिकाले राजस्व महाशाखामा देशभरिकै महानगर र नगरपालिकामा प्रयोग हुने साङ्ग्रिला एपबाट आर्थिक कारोबार गर्दै आएको र यो एपको प्रयोग निकै विश्वसनीय हुने गरेको बताइएको छ। अख्तियारका राकेश तोरम्बाले अनुसन्धान जारी रहेको र गलती फेला परे सञ्चारकर्मीहरूलाई जानकारी गराउने बताए।

## दुई जिल्ला जोड्ने पुल बनेपछि आवागमनमा सजिलो

प्रस, गरुडा, २८ साउन/

रौतहट र सर्लाहीको बीचमा रहेको बागमती नदीमा पुल बनिसकेपछि हरेक वर्ष डुंगा चलाउन लगाइँदै आएको केही समस्या रहेको छ। रोतहटतिर गढीमाई नगरपालिकाले पुलसम्मै पुग्ने



तस्वीरः प्रतीक

बागमती नदीस्थित समनपुरघाटमा पुल निर्माणको काम लगभग सम्पन्न भएको छ। निर्माणको काम अन्तिम चरणमा पुगेपछि स्थानीयलाई आवागमन गर्न केही सजिलो भएको छ।

नदीको पूर्वपट्टि सर्लाहीको ठूलो बजार बरहथवा र पश्चिमपट्टि रौतहटको ऐतिहासिक बजार समनपुर रहेका छन्। वर्षा महिनामा डुंगामा आवागमन गर्नुपर्ने हुन्थ्यो तर यस वर्षदेखि पुलबाट नै सर्वसाधारणले आवागमन गर्न पाएको स्थानीय चन्देश्वर साहको भनाइ छ।

दुई जिल्लालाई जोड्ने पुल करिब बनिसकेको छ तर केही काम बाँकी रहेको छ। पुलको दुवैतिर माटो पुरेर पुलमा चढ्ने बाटो निर्माण गर्न बाँकी छ। पुलमा चढ्ने ट्र्याक निर्माण भइसकेकोले पैदल, साइकल तथा मोटरसाइकल चढ्न त्यत्ति गाह्रो नरहेकोले दुई जिल्लाका स्थानीयबासी सजिलै आवागमन गरिरहेको साहको भनाइ छ।

पुल पूर्ण सञ्चालनमा आउन अझै ठेक्का यस वर्ष हुन नसकेको गढीमाई नगरपालिकाका लेखापाल कामेश्वर सहनीको भनाइ छ। डुंगा चलाउने ठेक्का हरेक वर्ष करिब साढे तीन लाख रूपैयामा हुँदै आएको सहनीको भनाइ छ।

समनपुर तथा टोकारका अधिकांश किसानको खेत बागमती नदीभन्दा पूर्वतिर रहेको छ। हरेक दिन वस्तुभाउ चराउन तथा घाँस लिन र खेतीपाती गर्न अधिकांश किसान वर्षाको समयमा डुंगाको सहारा लिनु पर्दथ्यो तर पुल निर्माण भएपछि सोझै आवागमन हुन थालेको छ।

स्थानीय सिकेन्द्र साहले दैनिक डेढ सयदेखि दुई सय मोटरसाइकल पुल भएर ओहोरदोहोर गरिरहेको बताउँछन्। पुल बनेपछि एकातिर बाढीको कुनै डर नभएको र अर्कोतिर समयको बचत भएको साहको भनाइ छ। एकाबिहानैदेखि राति अबेरसम्म सर्वसाधारण निर्बाध आवागमन गरिरहेको साहको भनाइ रहेको छ।

बाटो निर्माण गरिसकेको छ तर सर्लाहीतिर भने अझै पुलसम्म आउने बाटो निर्माण हुन नसकेकोले सञ्चालनमा पुल सञ्चालनमा आउन केही समस्या आउने स्थानीयको विश्वास रहेको छ।

पुल राम्ररी सञ्चालनमा आइसकेपछि सर्लाहीको बरहथवा र रौतहटको समनपुरको आर्थिक विकासमा निकै टेवा पुग्ने विश्वास गरिएको छ।

यसअघि गढीमाई नगरपालिकाकै धर्मपुरमा पनि बागमती नदीमा पुल निर्माण भई सञ्चालनमा आइसकेको छ। रौतहटतिर पुलसम्म पुग्ने पक्की सडक निर्माण भइसकेको भए पनि सर्लाहीको धनकौल गाउँपालिकाले भने सडक निर्माणमा खासै चासो नदेखाउँदा वर्षामा सर्लाहीतिर समस्या हुने गरेको छ।

समनपुर–बरहथवा पुल पनि निर्माण भएर सञ्चालनमा आइसकेपछि सर्लाहीतिरको सडक निर्माण छिट्टै हुने आशा स्थानीयबासीको रहेको छ।

## कटहरियामा स्वास्थ्य चौकीको उद्घाटन

प्रस, रौतहट, २८ साउन/

कटहरिया नगरपालिकामा स्वास्थ्य चौकी तथा बर्थिङ सेन्टरको उद्घाटन भएको छ।

बिहीवार कटहरिया नगरपालिका–३ बिर्ती प्रस्टोकामा निर्मित स्वास्थ्य चौकीको निवर्तमान प्रदेशसभा सदस्य कुन्दन कुशवाहा र नगरप्रमुख सियाराम कुशवाहाले संयुक्तरूपमा उद्घाटन गरेका हुन्। राष्ट्रिय अपाङ्ग कल्याण सङ्घ, नेपालको पहलमा कटहरिया नगरपालिका तथा छाया नेपालको सहकार्यमा रु ४९ लाखको लागतमा स्वास्थ्य भवन निर्माण भएको राष्ट्रिय अपाङ्ग कल्याण सङ्घ रौतहटका अध्यक्ष राजेश साहले बताए।

सो अवसरमा निवर्तमान प्रदेशसभा सदस्य कुशवाहाले स्वास्थ्य क्षेत्रमा कटहरिया नपाले राम्रो काम गरेको भनी प्रशंसा गरे। उनले केही व्यक्तिले नगरपालिकालाई अनाहकमा बदनाम गरिरहेको आरोप लगाए। उनले नपाले ठेक्काबाट गराएको काममा ठेकेदारको चरम लापरवाही हुने गरेको आरोप लगाए। लागत रकमभन्दा ७० प्रतिशतसम्म घटेर काम सकार गर्ने र सो कामलाई सम्पन्न नगर्ने कारणले विकास निर्माणले गति लिन नसकेको उनको भनाइ थियो।




तस्वीरः प्रतीक

नगरपालिकाले स्वास्थ्य क्षेत्रमा संवेदनशील भएर काम गरिरहेको उनले बताए। तीनजना एमबिबिएस चिकित्सक राखेर स्वास्थ्य सेवा दिइरहेको बताए।

सो अवसरमा छाया नेपालले साढे तीन लाख मूल्यको स्वास्थ्य सामग्री नगरप्रमुख कुशवाहालाई हस्तान्तरण गरेको थियो। कार्यक्रममा वडाध्यक्ष चन्दन कुशवाहा, राजकुमार साह, हरिन्द्र साह, मनोज साह, वडासचिव नन्दलाल साह, छाया नेपालका कार्यकारी निर्देशक कमल थापा, राष्ट्रिय अपाङ्ग कल्याण सङ्घका अध्यक्ष ललन चौरसियालगायतको सहभागिता थियो।

सामाजिक सुरक्षा कोषमा
सहभागी बनौं
सुरक्षित एवं सुखद
जीवनयापन गरौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

### रक्तदान गरौं

**प्रतीक दैनिक** ३५औं वर्षमा प्रवेश गर्न लागेको शुभ अवसरमा यस दैनिकको कार्यालय, त्रिमूर्ति सिनेमाहलनजीक श्रीपुर, वीरगंजमा साउन ३० गते शनिवार हुने रक्तदान कार्यक्रममा बिहान ७:३० देखि १०:३० बजेसम्म उपस्थित भई रक्तदान गर्नुहुन सम्पूर्ण रक्तदातामा अनुरोध छ।

**रक्तदान गर्न सक्ने अवस्था** : उमेर १८–६० वर्ष। तौल ४५ किलोभन्दा बढी र कुनै शारीरिक समस्या नभएको।

-प्रतीक दैनिक

## वीरगंज र ठोरीमा तपाईंको मास्क खोइ अभियान

प्रस, ठोरी, २८ साउन/

नेपाल प्रहरीको तपाईंको मास्क खोइ अभियान ठोरी गाउँपालिकामा शुरू भएको छ।



तस्वीरः प्रतीक

इलाका प्रहरी कार्यालय, ठोरीले विभिन्न स्थानमा मास्क नलगाउने सर्वसाधारणलाई मास्क लगाउन आग्रह गर्दै मास्क वितरण गरेको थियो।

कोरोना सङ्क्रमण कम भएसँगै ठोरीमा मास्क लगाउने सङ्ख्या घट्दो थियो।

इलाका प्रहरी कार्यालय, ठोरीका प्रनि ब्रह्मदेव साहले ठोरीको टाउन बजार, विजयबस्ती, रामनगरमा बिहीवार मास्क नलगाउनेलाई सचेतनाको लागि मास्क वितरण गरिएको बताए।

सो अवसरमा प्रहरीले मास्क नलगाउनेहरूलाई मास्क लगाएर हिंड्न सचेत गराएको थियो। प्रनि साहले यो अभियानलाई ठोरी गापाभरि सञ्चालन गर्ने बताए।

*प्रस, वीरगंज/*

नेपाल प्रहरीको तपाईंको मास्क खोइ अभियान वीरगंज महानगरपालिकामा जिल्ला ट्राफिक प्रहरी कार्यालयले विभिन्न सङ्घसंस्थाको सहयोगमा बुधवारदेखि सञ्चालन गरेको छ।

साताव्यापी अभियान अन्तर्गत वीरगंजका विभिन्न स्थानमा बिहान, दिउँसो मास्क नलगाएर हिंड्ने, मोरसाइकल, साइकल, अटो, ईरिक्शा चलाउनेहरूलाई मास्क वितरण गरिएको थियो।

बुधवार ६ सय मास्क वितरण गरिएको ग्रीन सिटी सामुदायिक सेवा केन्द्रका अध्यक्ष प्रकाश खेतानले बताए।

यसैगरी, बिहीवार पनि सोही परिमाणमा मास्क वितरण गरिएको थियो। माईस्थान, घण्टाघर, आदर्शनगर, बिर्ता, अलखियामठ, मुर्ली, पावरहाउसचोकलगायतका स्थानमा मास्क वितरण गरिएको हो।

## विचारसार र सूक्तिहरू

**कसैलाई त्यति मात्र ज्ञान दिनुपर्छ जति उसले ग्रहण गर्न सक्छ। बाल्टिनमा पानी भरियो भने थप पानी बाहिर मात्र बग्छ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.prateekdaily.com


## प्रजिअको सक्रियता

**सप्तरीका प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्यले अशक्त विकलाङ्क एक युवकको नागरिकता घरमैं पुगेर बनाइदिए। युवक हिंडडुल गर्न सक्ने अवस्थमा नरहेको थाहा पाएर नागरिकता फाँटका कर्मचारीहरूका साथ घरमैं पुगी प्रजिअ आचार्यले नागरिकता प्रदान गरेका हुन्। यस प्रकृतिका सेवाग्राही सवैको घरैमा पुगेर नागरिकता दिने प्रजिअले घोषणा गरेका छन्। हाम्रो मुलुकमा नागरिकता सबैभन्दा ठूलो कुरा बनेको छ। नागरिकताको विषयमा ठूल्ठूला राजनीतिक गतिविधिहरू भएका छन्। सहजरूपमा नागरिकता प्राप्त नभएको कारण मुलुकका कैयन युवा मानसिक समस्यामा छन्। अन्य मुलुकमा नागरिकताबाहेक धेरै विकल्प हुन्छ। नागरिकता अर्थात् सिटिजनसीप राज्यले तोकेको विशेष कामको लागि मात्रै हो। यसको दैनिक जीवनमा खासै काम छैन। तर हाम्रो मुलुकमा जुनसुकै कामको लागि पनि नागरिकता नै चाहिने भएकोले पनि यसको आवश्यकता बढेको हो।**

**नागरिकता पाउनुपर्ने व्यक्तिले पाउन नसक्ने धेरै कारणहरू छन्। अपाङ्ग तथा विकलाङ्ग भएकालाई नागरिकता लिन गाह्रो छ। पहिलो कुरा त उनीहरू नागरिकता पाउने कार्यालयसम्म पुग्नै गाह्रो। पुगिहाले पनि प्राथमिकता दिएर सहज गरिदिने परिपाटी हामीकहाँ छैन। विकलाङ्ग, बिरामी, ज्येष्ठ नागरिकहरूसमेत जिल्ला प्रशासनमा पुगेर पालो पर्खंदै ओंठ–मुख कलेटी पारेर बसिरहेका हुन्छन्। नागरिकता शाखामा यसै पनि भीडभाड रहन्छ। नसक्ने मानिसलाई सहज पारिदिनेभन्दा सबै जतिसक्दो पालो च्याप्न तत्पर हुन्छन्। फाँटका कर्मचारीहरूलाई टाठाबाटाकै कामबाट फुर्सद हुँदैन, निरीहका कुरा सुन्ने फुर्सद जुर्ने कुरै भएन। बितेको वर्ष पर्सा जिल्लामा एकजना वृद्धाले नागरिकताको प्रतिलिपिका निम्ती दिएको निवेदन प्रतिलिपि फाँटबाट तीन पटकसम्म हरायो। चौथो पटक नागरिकता बन्यो र यो प्रक्रियामा उसको आठ महीना समय खेर गयो। कारण यति मात्रै होइन, धेरैजना सबलाङ्ग युवकले पनि नागरिकता पाएका छैनन्। सम्बन्ध विच्छेद भएका र आमातर्फ रहेका सन्तान, दुई वा दुईभन्दा बढी पत्नी ल्याएका कतिपय बाबुहरूले हेलाँ गरेको पत्नीतर्फका सन्तानलाई उमेर पुगिसकेर पनि नागरिकता बनाइदिंदैनन्। पुरुषवादी अहम्का कारण पत्नीको नागरिकता नबनाइदिने पतिदेवहरू हाम्रो मुलुकमा धेरैको सङ्ख्यामा छन्।**

**नागरिकता पाउन योग्य तर कुनै न कुनै कारणले वा कसैको गलत सोचका कारण नागरिकताबाट वञ्चित रहेका धेरै नेपाली छन्। कानूनले पाउने कुरामा वञ्चित हुँदा कानूनी उपचार खोज्नुपर्ने हुन्छ। तर मुद्दा मामिला तथा अड्डा–अदालत सबैको लागि त्यति सहज छैन। समयमा नपाएको नागरिकताको उपयोगिता नै कम हुन्छ। अध्ययन अध्यापन र नोकरी एवं राज्यबाट पाउनुपर्ने सेवाको अवसर गुमाएर पाउने नागरिकता पाउनु र नपाउनुमा खासै अर्थ रहँदैन। प्रमुख जिल्ला अधिकारी जिल्लावासीका अभिभावक हुन्। उनले चाहने हो भने यसरी दुःख दिने बाबु र पतिहरूलाई कार्यालयमा झिकाएर उसको सन्तानको नागरिकता बनाइदिन सक्छन्। अशक्तको घरमैं पुग्न सकिन्छ भने फाँटका कर्मचारीलाई जिम्मेवार बनाउन सकिन्छ। यसको निम्ती हरेक जिल्लाका प्रजिअहरूमा सप्तरीका प्रजिअजस्तै जोश, जाँगर र सक्रियता जरूरी छ।**

# के मानव सभ्यता आर्थिक स्वावलम्बनको युगमा फर्कला?

अर्थविशेष




विश्वराज अधिकारी
akoutilya@gmail.com


**आधुनिक युगका अति जोखिमहरूबाट जोगिन मानव सभ्यता पुनः आर्थिक स्वावलम्बनको युगतिर फर्कने कुरा अहिलेको लागि कोरा कल्पनाजस्तो देखिए पनि भोलिका दिनमा यसको आवश्यकता बढेर जानेछ। मान्छेहरू अब अति सुविधाभोगी यो वैश्य युगबाट थाकेको प्रतीत हुन थालेको छ।**

अहिले हामी अति आधुनिक युगमा बाँचिरहेका छौं। यो अति आधुनिक युगमा हामीले हरेक क्षेत्रमा अति विकास गरेका छौं। यातायातको क्षेत्रमा यति विकास गरेका छौं कि एक या दुई दिनमा विश्वको एउटा कुनाबाट अर्को कुनासम्म सजिलै पुग्न सक्छौं। हामी धरतीको यो कुनाबाट त्यो कुनासम्म पुग्न सक्ने स्थितिमा त छौं नै, आकाशमा पनि पुग्न सक्ने स्थितिमा छौं। चन्द्रमामा त पुगि नै सकेका छौं, अब मङ्गलग्रह पुग्ने प्रयासमा छौं। हुनत वायुयान (Rocket) मङ्गलग्रहमा पुगि नै सकेको छ। त्यहाँ अब मनुष्यको पदार्पण हुन मात्र बाँकी छ।

आकाशमाथि मानिस कसरी र कति परसम्म पुग्न सक्छ भन्ने कुराको उदाहरण विश्वविख्यात अमेरिकी कम्पनी अमेजनका मालिक एक कार्यकारी अधिकृत जेफ बेजोजले आफ्नै खर्चमा निर्माण गरेको 'न्यु सेपार्ड रकेट' (New Shepard Rocket) मा सवार भएर ११ मिनटसम्म अन्तरिक्षको भ्रमण गरेर देखाइदिएका छन्। संसारकै सर्वाधिक धनी जेफले उक्त रकेटको निर्माण आफ्नै खर्चमा गरेका थिए। र उक्त रकेटको उडान खर्च पनि आफैंले बेहोरेका थिए। जेफसहित अन्य तीनजना सवार उक्त रकेटलाई 'ब्लू ओरिजिन' ले जुलाई २०, २०२१ मा अमेरिकाको टेक्सास राज्यको एक स्थानबाट उडाएको थियो। त्यो रकेटले अन्तिरक्षमा केवल ११ मिनेटको यात्रा गरेको थियो तर पर्यटन व्यवसाय अन्तरिक्षसम्म पुग्न सक्ने सम्भावनाको ढोका खोलिदिएको थियो। एउटा चमत्कारी एवं नौलो व्यापारको सृजना भएको थियो।

यो अति आधुनिक युगमा हामी मोबाइल फोनमा संसार देख्न सक्छौं। हाते घडीबाट कुरा गर्न सक्छौं। हाते घडीबाट आफ्नो स्थास्थ्यसम्बन्धी धेरै कुरा जान्न सक्छौं। धनी देशका नागरिकहरूसँग सवारीका लागि कारको अभाव छैन। केही देशका धनी नागरिकहरूसँग प्रतिव्यक्ति दुई वा तीन कार छन्। घरभित्र प्राप्त हुने जुन सुविधा छन् ती सबै सुविधा प्राप्त हुने सुविधायुक्त गाडी (recreational vehicle) हरूको सङ्ख्या पनि यो विश्वमा करोडौं छ। सङ्क्षेपमा भन्ने हो भने यो अति आधुनिक युगले हामीलाई अनेक चमत्कारी कुरा दिएको छ। अति आधुनिक युगले दिएका चमत्कारी कुराहरूले हाम्रो जीवन ज्यादै सरल पारिदिएको छ। भौगोलिकरूपमा निकै टाढा रहेको कसैसँग संवाद गर्न, हालखबर बुझ्न अब चिठ्ठी लेख्नुपर्दैन। फोन वा सामाजिक सञ्जाल प्रयोग गरेर जति पर रहेको व्यक्तिसँग पनि हामी चाहेको बेला, तत्काल कुरा गर्न सक्छौं, त्यो पनि तस्वीरसहित। घरको बत्ति बाल्नु वा निभाउनुपर्‍यो, रेडियो खोल्नु वा बन्द गर्नुपर्‍यो, उठ्नैपर्छ भन्ने छैन। एक खास यन्त्रलाई भनेपछि उक्त कार्य त्यो यन्त्र (जस्तै अलेक्सा) ले गर्छ। मानिसले गर्ने धेरै कार्य आजभोलि यन्त्रहरूले गरिरहेका छन्।

यो आलेखमा अति आधुनिक युगजन्य, अति वैशय युगजनित सुविधाहरू चर्चा गर्न खोजिएको भने होइन। यो अति वैश्य युगले हाम्रो जीवनयापन कतिसम्म सरल पारिदएको छ त्यसबारे चिन्तन गर्न खोजिएको पनि होइन। बरु यो अति आधुनिक युगलाई, यो अति वैश्य युगलाई के हामीले धान्न सक्छौं भन्नेबारे चर्चा गर्न खोजिएको हो। यो आधुनिक युग हाम्रो लागि जति सुविधायुक्त देखिएको छ त्यति नै कष्टकर पनि छ। यो आधुनिक युगमा बाँच्न हामीले धेरै कुरा गुमाउनुपर्ने स्थिति उत्पन्न भएको छ। यो आधुनिक युग हाम्रो लागि अति कठिन हुँदै गएको छ। यो आधुनिक युगको उपज कोरोना सङ्क्रमणले हाम्रो जीवनलाई कति सीमित पारिदिएको छ त्यो हामीले देखे–भोगेको कुरा हो। कोरोनाले गर्दा हाम्रो जीवनशैलीमा नै परिवर्तन आएको छ। मास्क लगाउँदा हाम्रो अनुहारको रूप बदलिएको छ। मास्कले गर्दा एकले अर्कालाई सजिलै चिन्न सक्ने स्थिति छैन। हामी स्वतन्त्र भएर हिंड्न सकेका छैनौं। हाम्रा गतिविधिहरू सीमित हुँदै गएका छन्। हामी सीमित भएर घरभित्र बस्न बाध्य भएका छौं।

यदि पहिलेजस्तो यातायातको अति विकास नभएको भए, ठूला–ठूला शहरहरूमा र एउटै शहरमा करोडौं व्यक्तिहरूको बसोवास नभइदिएको भए, छोटो समया हजारौं माइलको यात्रा पूरा गर्न सकिने स्थिति नभएको भए कोरोना सङ्क्रमण यति छोटो समयमा तीव्र गतिमा संसारभरि फैलिने थिएन। अहिलेको अति विकासले कोराना सङ्क्रमण तीव्र गतिमा एक ठाउँबाट अर्को ठाउँ, एक व्यक्तिबाट अर्को व्यक्तिमा सारिरहेको छ। भनिन्छ कोरोना भाइरस आधुनिक युगको उपज हो। यसको जन्म कुनै प्रयोगशालामा भएको हो। हुनत यस कुराको पुष्टि हुन बाँकी छ, तर करोना कुनै प्रयोगशालाबाट जन्मेको हो भन्ने कुरामाथि विश्वास गर्नेहरूको सङ्ख्या ठूलो छ।

अति आधुनिक युगको कुप्रभावबाट जोगिन पुनः आर्थिक स्वावलम्बनको युगमा फर्किन्छौ कि भन्ने प्रश्न उठ्न थालेको छ।

के मानव सभ्यता पुनः आर्थिक स्वावलम्बनको युगमा फर्किने हो ? यो प्रश्नले धेरै व्यक्तिको मष्तिष्क रिङाउन थालेको छ।

माथिको प्रश्नको उत्तर खोज्नु पहिले आर्थिक स्वावलम्बन भनेको के हो र यो कहिले प्रचलित थियो, त्यसबारे चर्चा गरौं।

प्रत्येक परिवार वा गाउँले आफूलाई उपभोगका लागि आवश्यक पर्ने वस्तु आफैं उत्पादन गर्ने र अन्य गाउँहरूप्रति हुने निर्भरता कम पार्ने प्रणालीलाई आर्थिक स्वावलम्बन भन्ने गरिन्छ। वन्यजीवन उपरान्त मानव सभ्यता लामो कालसम्म आर्थिक स्वावलम्बनको युगमा बाँचेको थियो। यो युगमा मानव सभ्यता अहिलेजस्तो जोखिममा थिएन। एक किसिमले अति सुरक्षित थियो। आवागमन ज्यादै कम भएकोले ठूला–ठूला रोग छोटो समयमा फैलिने स्थिति थिएन। साथै विज्ञानको अति विकास नभएकोले डरलाग्दा सूक्ष्म जीवाणुहरू उत्पादन गर्न सकिने ज्ञान पनि थिएन। ज्यादै ज्ञान नभएकोले मानव सभ्यता सुरक्षित थियो, शान्त पनि थियो। अहिलेको जस्तो मानव सभ्यता विनाश गर्ने जैविक हतियार उत्पादन गर्ने प्रयोगशालाहरू पनि त्यस बेला थिएन।

आर्थिक स्वावलम्बनको युग अति सुरक्षित भएकोले मानव सभ्यता पुनः त्यस युगमा फर्किने हो कि भन्ने चर्चा वर्तमान स्थितिमा चल्नु असान्दर्भिक पनि होइन। हुनत कोरोना सङ्कटले हामीलाई एक किसिमले हजारौ वर्ष पूर्वको आर्थिक स्वावलम्बनको युगमा पुऱ्याइदिएको छ। हवाइ उडानहरू रद्द गर्नुपर्ने स्थिति, ठूला शहरका जोखिमयुक्त बसाइँ, भीडबाट पन्छिनुपर्ने स्थिति आदि आधुनिक युगको उपज कोरोनाको देन हो। यी सबै कुराहरू हेर्दा, कोरोना सङ्क्रमणले हामीलाई आर्थिक स्वावलम्बनको युगमा पुऱ्याइदिएको स्थिति छ।

हामीले अति आधुनिक युगलाई धान्न सकिरहेका छैनौं। अति आधुनिक युगले हामीलाई सरलता त दिएको छ तर त्यो सरलता हामीले हाम्रो जीवनलाई अति जोखिममा पारेर प्राप्त गरेका छौं।

कृषि युगलाई औद्योगिक युगले नराम्ररी थिचेको छ। मानिसहरू कृषिबाट विकर्षित भएका छैनन्। कृषिमा उद्योग र विज्ञानको प्रवेश भएर बालीहरूमा प्राणघातक विषहरू प्रयोग हुने प्रचलन बढेर गएको छ। हामीले उपभोग गर्ने अन्न, फलफूल, माछमासु, साग, तरकारी आदि सबै विषयुक्त छन्। हामीले विषयुक्त खानेकुरा खाएको हुनाले नै हामी अहिले अनेक रोगका शिकार हुन पुगेका छौं। हरेक राष्ट्रले प्रत्येक वर्ष ठूलो धनराशि जनस्वास्थ्यमा खर्च गर्नुपर्ने स्थिति छ। अधिक पैसा खर्च गरेर यदि ठूलो परिमाणमा औषधी प्रयोग नगर्ने हो भने प्रत्येक वर्ष प्रत्येक राष्ट्रमा अनेक रोग लागेर लाखौं मानिस मर्नुपर्ने स्थिति आउन सक्छ।

यो आधुनिक युगले हाम्रो जीवनलाई ज्यादै जोखिमपूर्ण पार्दै लगेको छ। हाम्रो जीवनलाई सरल पार्न जति नयाँनयाँ सुविधा हामी थप्दै जान्छौं सोही मात्रामा हाम्रो जीवन उच्च जोखिमतिर अग्रसर हुँदै जान्छ। आज नेपालका वा यस्तै विकासशील राष्ट्रका गाउँगाउँमा इन्टरनेट पुगेको छ। तर अर्कोतिर कोरोना सङ्क्रमणले गर्दा मानिसहरू एउटा सानो घेराभित्र बस्न बाध्य भएका छन्। भर्चुअल मिटिङ (जुम वा सामाजिक सञ्जालबाट) बढेर गएको छ तर प्रत्यक्ष मानव सम्पर्क घट्दो छ। अहिले मान्छेहरू अति सुविधा उपयोग गरेर बाँचेका छन्। तर हरपल भयभीत छन्। कुन बेला कोरोना भाइरसले कसलाई माथि (मृत्युलोक) पुऱ्याउने हो अनुमानसम्म गर्न सकिने स्थिति छैन।

अहिले फैलिएको यो डरलाग्दो कोरोना भाइरस सन् २०२४ सम्म नियन्त्रणमा आउने भविष्यवाणी विज्ञहरूले गरिरहेका छन्। त्यस्तो होला पनि, कोरोना सङ्कटको समाधान होला। सदाका लागि कोरोना नियन्त्रित भएर बस्ला, प्लेगका कीटाणुहरू नियन्त्रित भएर बसेझैं। तर कोरोनाजस्तै डरलाग्दो अर्को भाइरस आउने छैन भनी कसैले ठोकुआ गर्न सक्छ ? डरलाग्दा भाइरसहरू आउने क्रम जारी नै रहने छ। पर्यावरण विनाश, उच्च मात्रामा कार्बन विसर्जन, निरन्तर डरलाग्दा जैविक हतियारहरूको उत्पादनले वा अति आधुनिकताले, यो मानव सभ्यतालाई झन्झन् जोखिमतिर लग्नेछ। यो कुरा पक्का छ। यो कुनै कल्पना होइन।

आधुनिक युगका अति जोखिमहरूबाट जोगिन मानव सभ्यता पुनः आर्थिक स्वावलम्बनको युगतिर फर्कने कुरा अहिलेको लागि कोरा कल्पनाजस्तो देखिए पनि भोलिका दिनमा यसको आवश्यकता बढेर जानेछ। मान्छेहरू अब अति सुविधाभोगी यो वैश्य युगबाट थाकेको प्रतीत हुन थालेको छ। मुद्राको विकासले त यो मानव सभ्यतालाई झनै कष्टकर तुल्याइदिएको छ।

# तपाईंको मास्क खोइ ?

जीतलाल श्रेष्ठ निजगढ, २८ साउन।

विश्व महामारीको रूपमा फैलिरहेको कोरोना भाइरसको तेस्रो लहरले मानव समुदायलाई आक्रान्त बनाइरहेको बेला मास्क लगाउनेहरूको सङ्ख्यामा कमी आइरहेसँगै इलाका प्रहरी कार्यालय निजगढको आयोजना र लायन्स क्लब, लायन्स क्लब पिस निजगढ, नगर उद्योग वाणिज्य सङ्घ निजगढको सहकार्यमा मास्क वितरण अभियान चलाएको छ।



तस्वीरः प्रतीक

महामारीको अवस्थामा पनि मानिसहरू सार्वजनिक स्थल, विद्यालय, किनमेल, व्यापार, व्यवसायलगायत विभिन्न पेशा र काममा फर्कनुपर्ने हुँदा मानवीय क्रियाकलापमा वृद्धि भइरहेको छ तर मास्क लगाएर हिड्नेहरूको सङ्ख्या घट्दै गएको छ।

यसले सङ्क्रमण बढ्न सक्ने चेतावनी गराउँदै सचेतना अभियान अन्तर्गत मास्क वितरण गर्न थालिएको इलाका प्रहरी कार्यालय, निजगढका प्रहरी निरीक्षक शङ्कर चौधरीले बताए।

"मानिसहरू मास्क लगाउन छाड्दै गए। कोरोना भाइरसको सङ्क्रमण दिन प्रतिदिन बढ्दै जान थाल्यो। सङ्क्रमण फैलिनबाट रोक्न र सुरक्षित रहन यो मास्क वितरण गरिएको हो"– प्रनि चौधरीले भने।

कोरोनाको चरणहरू फेरिंदै गइरहेको बेला सङ्क्रमण बढ्न सक्ने सम्भावना बढी छ।

अहिलेको अवस्थामा रूघाखोकी लगायत सरुवा रोग गाउँबस्तीमा बढिरहेकोले पनि अनिवार्य मास्क लगाएर हिड्न आग्रह गरेको लायन्स क्लबका अध्यक्ष दीपेन्द्र श्रेष्ठ र लायन्स क्लब पिसका अध्यक्ष रञ्जन लामिछानेले बताए।

कोरोनाको कहर अझै बढ्दै गइरहेकोले पनि सामान्य स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गर्दै व्यापारी, व्यवसायी र ग्राहक सबैलाई मास्क लगाएर मात्रै दैनिक व्यापार, व्यवसाय गर्न सचेत गराउँदै मास्क वितरण गरेको नगर उद्योग वाणिज्य सङ्घ निजगढका अध्यक्ष रामकृष्ण नेपालले बताए। सवारी

(बाँकी अन्तिम पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

## समृद्धिको बाधक : शैक्षिक भ्रष्टाचार

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो

shitalmahato@gmail.com

**पौरखी नागरिक बनाउने अभ्यासको क्रममा विद्यालयीय क्रियाकलापमा विद्यार्थीको अधिकतम संलग्नता हुनुपर्छ। उनीहरूको पारिवारिक, सामाजिक, आर्थिक र सांस्कृतिक मूल्य-मान्यता, संस्कार एवं भावनालाई ध्यान राखी शैक्षिक नीति तर्जुमा गर्नु अति आवश्यक भइसकेको छ।**

विकासको प्रमुख आधार गुणस्तरीय र प्राविधिक शिक्षाको विकास र विस्तार हो। प्राविधिक शिक्षाले 'सीप हातमा, रोजगार साथमा' भन्ने मान्यतालाई स्थापित गर्छ। शिक्षालाई सीपसँग, सीपलाई श्रमसँग र श्रमलाई उत्पादनसँग जोड्ने समग्र शिक्षा नीतिले मात्रै बेरोजगारी न्यूनीकरण गर्न सक्ने वास्तविकता हो। हाम्रो शिक्षा गरिखानेभन्दा पनि ठगी र मागिखाने जनशक्ति उत्पादनतिर लक्षित भएको गुनासो सत्यताको नजीक रहेको पाइन्छ। समयको माग अनुसार देश तथा विदेशका श्रम बजारमा खरो प्रतिस्पर्धा गर्न सक्ने सक्षम जनशक्ति आजको आवश्यकता हो।

रोजगारका लागि भौंतारिनुभन्दा रोजगार सिर्जना गर्न सक्ने प्रतिभाशाली शैक्षिक जनशक्ति उत्पादन गर्ने शिक्षाले मात्र बेरोजगारी समस्या हल गर्न सकिन्छ। प्राविधिक शिक्षाले स्वरोजगारका अवसरहरू प्राप्त गर्न सहजता प्रदान गर्छ, तर कुन क्षेत्रमा कस्तो प्राविधिक कति चाहिन्छ भन्ने भविष्यदर्शी योजनाको अभाव र हचुवाको भरमा कार्यक्रम ल्याउने प्रवृत्तिका कारण आवश्यक प्राविधिक जनशक्तिको अभाव जहिले पनि खट्किँदै आएको छ। विद्यालय शिक्षा पार गरेका युवालाई भविष्यको शैक्षिक यात्राको सही मार्गदर्शन दिन नसके त्यसको नकारात्मक असर परिवार र समाजदेखि देशले नै भोग्नुपर्ने हुन्छ। देशमा साधारण शिक्षा मात्र अध्ययन गर्ने प्रवृत्तिका कारण बेरोजगारी विकराल समस्या बन्दै गएको परिवेशमा सीपमूलक गुणस्तरीय प्राविधिक शिक्षा समस्या समाधानका लागि वरदान साबित हुन सक्छ।

मुलुकको समृद्धिका लागि दक्ष जनशक्ति आवश्यक छ। नेपालमा अहिले पनि प्राविधिक जनशक्तिको उत्पादन न्यून छ। देशको आवश्यकताका लागि मात्रै नभएर ठूलो सङ्ख्यामा वैदेशिक रोजगारमा जाने युवाको आय आर्जनमा समेत वृद्धि गर्न योजनाबद्ध प्राविधिक शिक्षा आजको आवश्यकता हो। रोजगारका लागि भौंतारिनुभन्दा रोजगार दिन सक्ने सिर्जनात्मक तागत भएको जनशक्ति उत्पादन गर्ने राज्यको शिक्षा नीति हुनुपर्छ। दिन-प्रतिदिन ऊर्जाशील युवा जनशक्ति रोजगारका लागि विदेशिनु देशका लागि कदापि शुभ सङ्केत होइन। रोजगारका लागि नेपाली युवा, कस्तुरीले आफूमा भएको सुगन्धित बिनाको ज्ञान नभएर कहाँबाट बास्ना आयो भन्दै भौंतारिएर हिंडेजस्तै आफ्नै देशमा उपलब्ध पेशा अँगाल्न लाज मान्ने, लाखौं रुपियाँ खर्च गरेर खाडी मुलुकको प्रचण्ड गर्मीमा जोखिमपूर्ण वातावरणमा तरकारी, फलफूल खेती, भेडा चराउने, गधा जोत्नेजस्ता कृषिजन्य काम गर्न तँछाड मछाड गर्दै पुगेका छन्। अर्कोतर्फ छिमेकी मुलुकहरूबाट रोजगारका लागि नेपाल आएर फलफूल, तरकारी र अन्य सामान बेच्न शहर-बजारमा मात्र नभएर विकट गाउँहरूमा पनि छ्यापछ्याप्ती पुगेको पाइन्छ। तर गर्वका साथ त्यही काम स्वदेशमा नेपालीले किन गर्दैनन्? त्योभन्दा तल्लो स्तरको काम गर्न विदेश नै किन पस्नुपर्ने? यस्तो मनोविज्ञानिकलाई कसरी परिवर्तन गर्न सकिएला? आफ्नो देशमा रोजगार नपाई चारैतिर अभावै अभावबाट छट्पटिएर निराश भई विरक्तिएर विदेशिएका नेपाली झन् कष्टकर, अमानवीय व्यवहार सहन बाध्य भएका छन्। स्वदेश र विदेशमा एउटै पेशा गर्दा समाज र व्यक्तिको हेराइमा फरक हुनुको कारण के हो? हाम्रो शिक्षाले विदेशिने जनशक्तिलाई स्वदेशमा नै प्रयोग गर्न के गर्नुपर्ला? आदि प्रश्नको विश्लेषणबाट सार्थक निष्कर्षमा पुग्न विलम्ब गर्नुहुँदैन।

हुनत शैक्षिक नीति-नियम, पाठ्यक्रम र विषयवस्तु विद्यार्थीको अन्तर्निहित प्रतिभा प्रस्फुटन गर्ने खालको हुनुपर्छ। शिक्षामा समता, समानता, समावेशिता आत्मसात गर्दै पहुँचको विकास र विस्तार गरेर जीवनोपयोगी गुणस्तरीय प्राविधिक शिक्षा आर्जन गर्न सक्ने वातावरण बनाउन सके मात्र देशको शिक्षा प्रणाली सफल भएको मानिन्छ। विद्यमान शैक्षिक कानून, नीतिनियम, सर्वमान्य परम्परा, रीतिरिवाज, सामाजिक मूल्यमान्यता एवं सभ्य संस्कार-संस्कृतिले तोकेको विधि र प्रक्रिया मिचेर व्यक्तिगत लाभ र स्वार्थपूर्तिका लागि गरिने गैरकानूनी आचरण भ्रष्टाचार हो। भ्रष्टाचारलाई विभिन्न पक्षमा वर्गीकरण गरेर पनि हेर्न सकिन्छ। उदाहरणका लागि नीतिगत, आर्थिक, शैक्षिक, सांस्कृतिक तथा धार्मिक भ्रष्टाचारका क्षेत्र हुन्। शिक्षण संस्थामा मर्यादित वातावरणमा पठनपाठन सञ्चालन गर्न विभिन्न कुराले प्रत्यक्ष-परोक्ष नकारात्मक असर पारिराखेको पाइन्छ। शिक्षण संस्था सबै खाले आन्दोलनको क्रीडास्थल बनेको कारण सदाचारभन्दा भ्रष्टाचार मौलाएको तीतो यथार्थ हो। शिक्षामा मौलाएको विद्यमान बेथितिको निराकरण कुनै एक व्यक्ति, संस्था, निकायबाट सम्भव छैन। यसका लागि सिङ्गो राज्य र राजनीतिक नेतृत्वले इमानदारी साथ काम गर्नुपर्छ।

शिक्षण संस्था र शिक्षण सिकाइ क्रियाकलाप समुदायसँग प्रत्यक्ष सरोकार राख्ने विषय भएकाले यसको व्यवस्थापनमा प्रत्येक व्यक्तिको सद्भाव, सहयोग, सहकार्य अपरिहार्य हुन्छ। त्यसकारण सरोकार सबै पक्षले शिक्षा नीतिनियम बनाउँदा र कार्यान्वयन गर्दा यसको दूरगामी असरबारे चनाखो हुनुपर्छ। विद्यालयमा कार्यरत शिक्षक, कर्मचारी, अभिभावक र विद्यार्थीबीच सौहार्द एवं साधनस्रोत सम्पन्न वातावरणमा मात्र गुणस्तरीय शिक्षाको परिकल्पना साकार हुन्छ। शिक्षाको विकास भए मात्र देशको विकास हुने यथार्थ आत्मसात गरेर शिक्षामा पर्याप्त लगानी गर्नुपर्छ। शिक्षामा राज्यको प्राविधिक, भौतिक, आर्थिक, मानवीय साधन र स्रोतको लगानीमात्रको भर नपरेर अभिभावक, नागरिक समाज तथा स्वयं विद्यार्थीको उमेरको लगानीसमेतको तादात्म्यताले मात्र गुणस्तरीय शिक्षाको विकास र विस्तार हुने वास्तविकतालाई बेवास्ता गर्न मिल्दैन। वर्तमानमा शिक्षा क्षेत्रमा आशातीत प्रगति हुन नसकेको गुनासाहरू वास्तविकताको नजीक छ। विद्यालयमा पूरा समय पढाइ नहुनु, आर्थिक अनुशासन फितलो रहनु, आचारसंहिता, अनुशासन किताबमा सीमित रहनुजस्ता नकारात्मक प्रवृत्तिले शिक्षण संस्थामा सदाचारभन्दा भ्रष्टाचार मौलाउने क्रम बढ्दो छ।


विद्यार्थीको शैक्षिक उपलब्धिलाई प्रत्यक्ष-परोक्ष नकारात्मक असर पर्नेगरी तोकिएको सेवा शर्त पूरा नगरी शिक्षण संस्था सञ्चालन गर्नुलाई शैक्षिक भ्रष्टाचार भन्न सकिन्छ। यहाँ शैक्षिक भ्रष्टाचारका केही उदाहरण प्रस्तुत गरिएको छ-कानूनी व्यवस्था अनुसार निश्शुल्क शिक्षा भनिए पनि भर्ना, धरौटी, चन्दा, सहयोग आदि नाममा शुल्क लिने, कानूनमा तोकिएभन्दा बाहेक निजी विद्यालयले अतिरिक्त शीर्षकमा (भवन, शैक्षिक सामग्री, चिठ्ठा, कोचिङ, ट्युशन आदि) अधिकतम शुल्क मनोमानी ढङ्गबाट लिने, कक्षामा तोकिएको पूरा समय राम्ररी नपढाउने तर अतिरिक्त शुल्क लिएर विद्यार्थीलाई कोचिङ, ट्युशनमा पढ्न बाध्य बनाउने, विद्यार्थीलाई ड्रेस, टाई, बेल्ट, कापी, किताबलगायत सामग्री बजारमा किन्न नदिएर विद्यालय स्वयं वा तोकेको पसलबाट किन्न बाध्य पार्ने, विद्यमान शिक्षा ऐन नियमले तोकेको सेवा-शर्त (भवन, खेल मैदान, पिउने पानी, शौचालय, शिक्षक, कर्मचारी आदि) को समुचित व्यवस्था नगरी विद्यालय सञ्चालन गर्ने/गराउने, होस्टल, क्याफेटेरिया, पुस्तकालय, प्रयोगशालाको चर्को शुल्क लिएर गुणस्तरीय सामग्री उपलब्ध नगराउने, विद्यालय र व्यक्तिको स्वार्थका लागि विद्यार्थीलाई श्रम गर्न बाध्य पार्ने, शिक्षक कर्मचारीको नियुक्ति गर्दा पारदर्शीरूपमा स्वच्छ र स्वस्थ प्रतिस्पर्धा नगराएर राम्रोभन्दा हाम्रो मान्छेलाई प्राथमिकता दिने, सामुदायिक विद्यालयमा काल्पनिक शिक्षक (घोस्ट टिचर) को नाम राखेर सरकारी अनुदान दुरुपयोग गर्ने, विद्यार्थी सङ्ख्या ढाँटेर मिथ्याङ्कका आधारमा विभिन्न शीर्षकमा सरकारी अनुदान र सेवा सुविधा लिने, शैक्षिक योग्यता ढाँटेर नक्कली प्रमाणपत्रका आधारमा जागीर खाने, वास्तविक शिक्षक अरू नै पेशामा लागेर आफ्नो दरबन्दीमा खेताला शिक्षक राख्ने, कम्तीमा २२० दिन पनि विद्यालय नखुल्ने, खुले पनि पढाइ नहुने, शिक्षक र विद्यार्थीको अनुपस्थिति दर उच्च हुने, विद्यालयको लेखा परीक्षण नगराउने, गराए पनि सबै हिसाबकिताब नदेखाउने, सामाजिक परीक्षण नगराउने, विद्यालयलाई दिइने साधनस्रोत (आर्थिक अनुदान, भौतिक सुविधा, शिक्षक कोटा) वितरणमा राजनीतीकरण गर्ने। यसका साथै प्रमुख सेवाग्राही विद्यार्थीको पठनपाठनलाई असर पर्नेगरी विद्यालय बन्द, हडताल गर्ने/गराउने पनि भ्रष्टाचार हो।

शिक्षा क्षेत्रमा देखिएका यस्ता भ्रष्ट गतिविधिले शिक्षण सिकाइलाई कमजोर बनाएको छ। विद्यार्थी आफ्नो योग्यता, क्षमता अनुसार सहज वातावरणमा पढ्न पाउँदैनन्, फलस्वरूप परीक्षामा जसरी पनि पास हुने र राम्रो अङ्क ल्याउने विकल्पका रूपमा चिट चोर्ने जस्तो अनैतिक र अनियमित काम रोज्न विवश हुन्छन्। यसको नियन्त्रणका लागि शिक्षण संस्थाको दैनिक गतिविधि र व्यवस्थापनमा सदाचारलाई प्रोत्साहित गर्दै अनुशासित, मर्यादित बनाउन कुनै कसर बाँकी राख्नुहुँदैन। त्यसैले शैक्षिक भ्रष्टाचारको कारण पहिचान गरेर यसको निराकरणका लागि सरकारले बेलैमा कदम चाले मात्र शैक्षिक क्षेत्रको विकृति, विसङ्गति र क्षति न्यून हुन्छ। त्यसैले मुलुकको समृद्धिका लागि पौरखी नागरिक बनाउन वर्तमान शैक्षिक पद्धति विद्यार्थी केन्द्रित बनाउनुपर्छ। त्यस्तै विद्यालयको वातावरण, विद्यार्थीको जीवनपद्धति र अनुभवलाई सम्बोधन गर्ने खालको हुनुपर्छ। पौरखी नागरिक बनाउने अभ्यासको क्रममा विद्यालयीय क्रियाकलापमा विद्यार्थीको अधिकतम संलग्नता हुनुपर्छ। उनीहरूको पारिवारिक, सामाजिक, आर्थिक र सांस्कृतिक मूल्य-मान्यता, संस्कार एवं भावनालाई ध्यान राखी शैक्षिक नीति तर्जुमा गर्नु अति आवश्यक भइसकेको छ।

## १२ महीनामा १३ अर्ब राजस्व सङ्कलन

प्रस, जीतपुर, २८ साउन/

आन्तरिक राजस्व कार्यालय, सिमराले लक्ष्यभन्दा ६ प्रतिशत बढी राजस्व सङ्कलन गरेको छ। प्राप्त विवरण अनुसार वार्षिक राजस्व सङ्कलन गर्ने लक्ष्य रु १२ अर्ब ५३ करोड ३७ लाख ५५ हजार भएकोमा करीब ७५ करोड बढी राजस्व सङ्कलन भएको छ।



तस्वीरः फाइल

यो लक्ष्यको १०६ प्रतिशत भएको आन्तरिक राजस्व कार्यालय सिमराका प्रमुख कर अधिकृत नारायणप्रसाद भण्डारीले बताए।

प्राप्त विवरण अनुसार आयकरतर्फ रु १ अर्ब २२ करोड ३६ लाख २१ हजार, घरबहाल कर रु ३ करोड ७० लाख ४३ हजार, ब्याज रु ३ करोड ८० लाख ६६ हजार, मूल्य अभिवृद्धि कर रु १ अर्ब २६ करोड ५८ लाख ८ हजार, अन्तःशुल्कतर्फ रु ७ अर्ब ९२ करोड ३१ लाख ९८ हजार, स्वास्थ्य सेवा रु २ अर्ब ७९ करोड ३७ लाख ४७ हजार, शिक्षा सेवा कर रु ९२ हजार सङ्कलन भएको हो।

अहिले शिक्षा सेवा शुल्क कर खारेज गरिएको प्रमुख कर अधिकृत भण्डारीले बताए।

सो कार्यालयको कार्य क्षेत्र बारा र रौतहट जिल्लामा व्यक्तिगत स्थायी लेखा नम्बर करदाता ५७ हजार २१५ र आयकर करदाता सङ्ख्या ४६ हजार ८२४ छ। जसमध्ये सबैभन्दा बढी कर तिर्ने १० करदाताहरूमा क्रमशः सूर्य नेपाल, जगदम्बा स्टिल, डाबर नेपाल, नारायणी इस्पात प्रालि, अशोक स्टिल, हामा आइरन, पतञ्जलि नेपाल, समता लघुवित्त संस्था, केएनपी नेपाल, साखः स्टिल प्रालि छन्।

प्रमुख कर अधिकृत भण्डारीले मुलुकको आम्दानीको स्रोत तथा विकासको मूल आधार कर भएको बताए। उनले व्यापारीले आफ्नो कारोबार तथा आय बमोजिम समयमा कर बुझाउनुपर्ने दायित्व रहेको बताए।

## विद्यार्थी-उद्यमी सम्बन्ध विस्तारका लागि रोजगार मेला

काठमाडौं, २८ साउन/रासस

एड्भान्स्ड कलेज अफ इन्जिनीयरिङ एन्ड म्यानेजमेन्टले विद्यार्थी र उद्यमीसँग सम्बन्ध विस्तारका लागि भर्चुअल माध्यमबाट रोजगार मेला आयोजना गरेको छ।



प्रतीकात्मक तस्वीरः सौजन्य

'मेरो जब' सँगको सहकार्यमा आयोजित उक्त कार्यक्रमको आज नेपाल उद्योग परिसङ्घका अध्यक्ष विष्णुकुमार अग्रवालले उद्घाटन गरे। सो अवसरमा अध्यक्ष अग्रवालले कोभिड-१९ महामारी तथा अन्य व्यवधानका बावजूद व्यावसायिक गतिविधि उज्ज्वल देखिएकोले यस किसिमका मेलाहरू बढाउन आग्रह गरे।

कार्यक्रममा स्टार्स स्कलर्स नेटवर्कका अध्यक्ष प्राडा उत्तम गौलीले विविधतापूर्ण नेटवर्कका माध्यमबाट उनीहरूको भविष्य निर्धारण गरी बजारमा स्थापित हुन सहयोग पुग्ने बताए। मेरो जबका संस्थापक तथा प्रबन्ध निर्देशक शैलेन्द्रराज गिरीले वैयक्तिक विवरण लेखन, अन्तर्वार्ता तथा सामूहिक छलफलको मूल्यमाथि केन्द्रित रहन मेला एक अवसर हुने बताए।

स्वतन्त्र विद्युत् उत्पादक सङ्घ नेपालका कार्यकारी समिति सदस्य अभिज्ञा मल्लले वर्तमान उद्योगहरूको प्रभावकारी, उत्पादनशील र परिणाममुखी प्रकृतिका मागप्रति प्रत्येक विद्यार्थी सचेत हुनुपर्ने बताइन्। एडभान्स्ड कलेजका कार्यकारी निर्देशक कपिलदेव रेग्मीले एडभान्स्ड कलेज र उद्योगहरूबीच अनन्त सम्बन्ध कायम गर्न मेला आयोजना गरिएको बताए।

सो कलेजका प्रिन्सिपल लोचनलाल अमात्यले आगामी दिनमा समेत उनीहरूको महत्त्वपूर्ण सहयोगको अपेक्षा गर्दै उनले यो भर्चुअल जब मेलाबाट उद्योगको माग अनुसार एडभान्स्ड कलेजका विद्यार्थीको सीप विकास गर्ने प्रयास रहेको बताए।

## मनसुन पुनः सक्रिय : आगामी साता देशभर वर्षा हुने

काठमाडौं, २८ साउन/रासस

आगामी साता देशभर मनसुन सक्रिय हुने भएको छ। मनसुन न्यूनचापीय रेखा नेपालको तराई भूभाग नजीक आइपुगेकोले आगामी साता देशभर मनसुन सक्रिय हुने जल तथा मौसम विज्ञान विभागले जनाएको छ।

विभागका मौसमविद् समिर श्रेष्ठले भने-"अबको केही दिन देशका धेरैजसो स्थानमा वर्षा हुनेछ। वर्षा निरन्तर नभई केही समय घाम लाग्ने र केही समय वर्षा हुने क्रम चलिरहने छ।" उनका अनुसार वर्षा निरन्तर एकै ठाउँमा नभई फरक-फरक दिन फरक स्थानमा हुनेछ।

हाल देशभर सामान्यदेखि पूर्ण बदली रही प्रदेश नं १, बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका केही स्थानमा हल्कादेखि मध्यम वर्षा भइरहेको छ।

राति देशका अधिकांश स्थानमा सामान्यदेखि पूर्ण बदली रही प्रदेश नं १, २, बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका एक-दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको बताइएको छ। मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरण अनुसार आज काठमाडौं उपत्यकाको न्यूनतम तापक्रम २१.६ डिग्री र अधिकतम तापक्रम २९.५ डिग्री सेल्सियस रहेको छ। त्यस्तै आज सबैभन्दा कम जुम्लाको न्यूनतम तापक्रम १५.५ डिग्री र सबैभन्दा धेरै दिपायलको अधिकतम तापक्रम ३६.६ डिग्री सेल्सियस रहेको छ।



# युवामा रहेको सोच, ऊर्जा र साहसलाई उपयोग गर्नुपर्छ -राष्ट्रपति

काठमाडौं, २८ साउन/रासस

राष्ट्रपति विद्यादेवी भण्डारीले युवामा भएको क्षमता, सोच र सीपको भरपूर उपयोग गर्नुपर्ने बताएकी छन्।


तस्वीरः फाइल

'अन्तर्राष्ट्रिय युवा दिवस' का अवसरमा राष्ट्रिय युवा परिषद्द्वारा आज आयोजित भर्चुअल कार्यक्रममा शुभकामना दिँदै उनले राज्यले युवा विकासलाई उच्च प्राथमिकतामा राखेर उनीहरूमा रहेको ऊर्जा, सोच र साहसको भरपूर उपयोग गर्नुपर्ने बताएकी हुन्।

राष्ट्रपति भण्डारीले दिगो विकासका लक्ष्य हासिल गर्नका लागि स्वदेशमा नै रोजगारको अवसर सिर्जना गरी युवालाई उत्पादनसँग जोड्नु आवश्यक रहेको भन्दै मुलुकको सकारात्मक परिवर्तनका लागि नेपाली युवालाई सिर्जनात्मक सोचसहित प्रेरणा मिलोस् भन्ने कामनासमेत गरिन्।

युवाशक्ति देशको शक्ति हो भन्दै उनले युवाको काँधमा परिवार, समाज र राष्ट्रको ठूलो जिम्मेवारी रहेको बताइन्। राष्ट्रपति भण्डारीले युवा जनशक्ति बेरोजगारी हुँदा मुलुकको समग्र आर्थिक र सामाजिक प्रणाली नै अवरुद्ध हुने उल्लेख गर्दै युवाको ठूलो पङ्क्ति विदेश पलायन हुँदा दिगो अर्थतन्त्रको विकासमा प्रतिकूलता सिर्जना हुन पुग्ने बताइन्। "युवा रोजगारका लागि विदेशिंदा हाम्रा कतिपय सामाजिक, सांस्कृतिक मूल्य-मान्यतामा विचलन आएको छ। यसले पारिवारिक सुख, शान्तिमा पनि खलल पुगेको छ" -उनले भनिन्- "सीपको अभावमा वैदेशिक रोजगारमा जाँदा न्यून आम्दानी हुनुका साथै स्वास्थ्य सुरक्षा र नोकरी पनि असुरक्षित हुन जान्छ।"

राष्ट्रपति भण्डारीले कृषिजन्य पदार्थ र वनजन्य वस्तुको उच्च व्यापार घाटा सन्तुलन गर्न युवालाई कृषि क्रान्तिमा सामेल गराउनुपर्ने उल्लेख गर्दै युवालाई सीपयुक्त गुणस्तरीय शिक्षाद्वारा नवप्रवर्तनमा सहभागी गराउनु आवश्यक रहेको बताइन्। कोभिड-१९ महामारीले अर्को चुनौती थपिएको बताउँदै उनले सङ्क्रमणकै कारण कृषि प्रणालीमा प्रतिकूलता र खाद्यान्न उत्पादन, वितरण र उपभोगमा समेत समस्या पैदा भएको उल्लेख गरिन्।

राष्ट्रपति भण्डारीले नवीन सोचका माध्यमबाट खाद्य प्रणालीमा रूपान्तरण तथा वातावरण संरक्षणका साथै नेपाली समाज र सिङ्गो भूमण्डलीय संरक्षणमा प्रभावकारी भूमिका निर्वाह गर्न युवालाई सफतला मिलोस् भनेर कामनासमेत गरिन्। उनले चेतना र जागरणका संवाहक नेपाली युवाको सर्वाङ्गीण विकास गर्ने उद्देश्यले स्थापित राष्ट्रिय युवा परिषद्ले विभिन्न सिर्जनात्मक काम गर्दै आएकोमा खुशी लागेको बताइन्।

मुलुकको सामाजिक र आर्थिक प्रणालीसँग जलवायु परिवर्तनको मुद्दा अभिन्न अङ्गको रूपमा जोडिएको बताउँदै उनले हरित गृह ग्याँस उत्सर्जनमा भएको वृद्धिले विश्वमा तामपान बढ्न गई जलवायु सङ्कट उत्पन्न भएको बताइन्। "जलवायुको उच्च जोखिममा नेपाल पनि रहेको छ, यसबाट हाम्रो हिमालय क्षेत्रको तापमानमा वृद्धि भई हिमाल पग्लने, हिमताल विस्फोट हुने र सम्पूर्ण जनजीवन अस्तव्यस्त हुने सम्भावना बढेर गएको छ"-उनले भनिन्।

राष्ट्रपति भण्डारीले अप्रत्याशित बाढी, पहिरो, अनावृष्टि, शीतलहर, प्राकृतिक तापमानमा अस्वाभाविक वृद्धिजस्ता कारणले प्राकृतिक वातावरण खलबल्याएको उल्लेख गर्दै वन विनाश, भूक्षय, आगलागी र प्रदूषणले जनजीवन


तस्वीरः फाइल

थप प्रभावित बन्न पुगेको बताइन्। "जलवायु परिवर्तनका नकारात्मक असर न्यूनीकरण गर्न युवा समुदायले विशेष पहल लिनुपर्दछ"-उनले भनिन्।

खाद्य उत्पादनमा ह्रास, असुरक्षित खाद्य व्यवस्था, खानाको गलत प्रयोग र पोषणयुक्त खानाको कमीले मानव स्वास्थ्यमा प्रतिकूल असर परिरहेको बताउँदै उनले हाम्रो खाद्य प्रणालीमा रूपान्तरणाका लागि खाद्यवस्तु उत्पादन, संरक्षण, वितरण र उपयोगमा युवाको नवीन सोच प्रयोग हुन सके मानव स्वास्थ्य सुरक्षित हुने विश्वास व्यक्त गरिन्।

'खाद्य प्रणालीमा रूपान्तरण : मानव र भूमण्डलीय स्वास्थ्यका लागि युवा नवप्रवर्तन' भन्ने मूल नाराका साथ नेपालमा पनि यो दिवस मनाउन थालिएको हो। दिवसकै अवसरमा राष्ट्रिय युवा परिषद्ले आयोजना गरेको युवाको क्षमता विकास, युवा नेतृत्वसम्बन्धी कार्यक्रम सम्पन्न भएको छ।

परिषद्का कार्यकारी उपाध्यक्ष माधव ढुङ्गेलले परिवर्तनका संवाहक युवा भएकाले युवाको क्षमता विकास गरेर मात्र मुलुक समृद्ध हुन सक्ने धारणा व्यक्त गरे। उनले सरकारले युवालक्षित कार्यक्रम ल्याए पनि कार्यन्वयनमा समस्या भएकाले युवाका मुद्दा अझै सम्बोधन हुन नसकेको बताए। नेपालमा युवासँग काम गर्ने सङ्घ-संस्थाको अगुवाइमा पहिलोपटक सन् २००४ देखि दिवस मनाउन थालिएको हो। सरकारीरूपमा परिषद्को अगुवाइमा विसं २०७३ देखि मनाउन थालिएको हो।

युवाका सवाललाई सम्बोधन गर्ने हेतुले संयुक्त राष्ट्रसङ्घले सन् १९९९ देखि हरेक वर्षको अगस्त १२ लाई अन्तर्राष्ट्रिय युवा दिवसका रूपमा मनाउने निर्णय गरेसँगै सन् २००० देखि नियमित विश्वभर युवा दिवसका सन्दर्भमा विविध कार्यक्रम हुँदै आएका छन्। नेपालमा कुल जनसङ्ख्याको ४०.३ प्रतिशत युवा रहेका छन्।

**मुलुकको दिशानिर्देशमा युवाको भूमिका महत्त्वपूर्णः प्रधानमन्त्री**

प्रधानमन्त्री शेरबहादुर देउवाले मुलुकको दिशानिर्देशमा युवाको भूमिका महत्त्वपूर्ण रहेको बताए।

'अन्तर्राष्ट्रिय युवा दिवस'को अवसरमा राष्ट्रिय युवा परिषद्द्वारा आज आयोजित भर्चुअल कार्यक्रममा शुभकामना दिँदै उनले युवाको विचारले नै मुलुक र भावी सन्ततिको भविष्यको रेखा कोर्ने बताए।

प्रधानमन्त्री देउवाले युवाको नयाँ सोच, जाँगर र मेहेनतलाई सरकारले सदैव उच्च प्राथमिकतामा राखेको बताए। समुन्नत मुलुक बनाउने सरकारको योजनामा आआफ्नो ठाउँबाट हातेमालो गर्न सबैलाई आह्वान गर्दै उनले सूचना प्रविधिको विकाससँगै युवालाई थप सिर्जनशील क्षेत्रमा काम गर्ने वातावरण बनाउन सरकार प्रतिबद्ध छ भने। प्रधानमन्त्री देउवाले नेपाली युवालाई विकसित देशको परिकल्पनामा योगदान गर्न सकिने नवीन क्षेत्रको पहिचान गरी सरकारलाई सुझाव दिन र समुन्नत मुलुक निर्माणमा आआफ्नो क्षेत्रबाट योगदान पुऱ्याउनसमेत अनुरोध गरे।

युवालाई राज्यका हरेक गतिविधिमा सहभागी हुन आह्वान गर्नुहुँदै उनले यस दिवसले विश्वभरका सबै जात, धर्म, लिङ्ग तथा समुदायका युवालाई जोड्न महत्त्वपूर्ण भूमिका खेलेको बताए। प्रधानमन्त्री देउवाले युवामा रहेको क्षमता उजागर गर्ने मौका प्रदान गर्दै दिगो विकास लक्ष्यको सार्थक साझेदारका रूपमा युवा सहभागितालाई अगाडि बढाउने बताए।

'खाद्य प्रणालीमा रूपान्तरण : मानव र भूमण्डलीय स्वास्थ्यका लागि युवा नवप्रवर्तन' भन्ने मूल नाराका साथ नेपालमा पनि यो दिवस मनाउन थालिएको छ। परिषद्ले आयोजना गरेको कार्यक्रममा लोकदोहोरी प्रतियोगिताका विजयलाई पुरस्कारसमेत प्रदान गरिएको थियो।

विश्वमा सन् २००० देखि नियमितरूपमा विश्वभर युवा दिवस मनाइरहेको बेला नेपालमा भने २००४ देखि मनाउन थालिएको हो। कार्यक्रममा युवा तथा खेलकूद मन्त्रालयका सचिव कमलप्रसाद पोखरेलले युवाको क्षमता विकासका लागि सरकारले विभिन्न कार्यक्रम ल्याए पनि कार्यान्वयनमा समस्या देखिएको बताए। उनले युवाको क्षमतालाई सीप अनुसार उद्यमशीलतासँग जोड्नुपर्ने बताए।


निजगढमा राजमार्गछेउमा निर्मित आकर्षक लायन्स प्रतीक्षालय। लायन्स क्लब निजगढले निर्माण गरेको प्रतीक्षालयमा सुस्ताउँदै सर्वसाधारण। तस्वीरः जीतलाल श्रेष्ठ

# प्रिन्सा मोटर्सको हार, टेस्ला र ज्यागुआरको मुद्दा चल्दै

प्रस, परवानीपुर, २८ साउन/

गैरकानूनीरूपमा सन् २०१९ मा चोरबाटोबाट भित्रिएका आठवटा विलासी गाडीको मुद्दा अदालतमा चलिरहेको थियो। प्रिन्सा मोटर्स काठमाडौंले आर्थिक ऐनविपरीत आयात गरेको तीनवटा आउडी गाडीको मुद्दा सर्वोच्च अदालतमा सुनुवाइ भइरहेको थियो भने किशोर गियरले आयात गरेको दुईवटा ज्यागुआर र वेस्टार ग्लेक्सीले आयात गरेको तीन वटा टेस्ला कार आयातको सम्बन्धमा उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगंजमा दुई वर्षदेखि मुद्दा चलिरहेको थियो। सरकारले निर्माता कम्पनीको एजेन्सी नेपालमा दर्ता नभएको अवस्थामा आयातकर्ताले र्थिक ऐन २०७८ को दफा १२ विपरीत गाडी आयात गरेकोले शुरूको एक वर्ष गाडीको जाँचपास गरेको थिएन। पछि तत्कालीन अर्थमन्त्री डा. युवराज खतिवडाले गैरकानूनी किसिमले आयात गरिएको गाडीमा पहिलेको राजस्वभन्दा ३० प्रतिशत थप जरिवाना लिई जाँचपास गर्ने व्यवस्था मन्त्रिपरिषद्बाट निर्णय गराउँदा पोहोर करीब ६ वटा गाडी ड्राइपोर्ट भन्सारबाट जाँचपास भएर गएका थिए। त्यति बेला अर्थमन्त्रीले गैरकानूनी गाडी आयातलाई पृष्ठपोषण गरेको आरोप पनि लागेको थियो। तर त्यति जरिवाना तिरेर किशोर गियर, प्रिन्सा र वेस्टार ग्लेक्सीले गाडी छुटाएनन्।

भन्सार कार्यालयले आवश्यक कागजात ल्याएर ७ दिनभित्र गाडी छुटाएर लैजान आदेश गरेको पत्रको जवाफमा आयातकर्ता अदालत पुगेका थिए। तर आउडी गाडी आयातसम्बन्धी तीन महीना पहिलेको सर्वोच्चको आदेशले प्रिन्सा मोटर्सलाई पुनः झट्का लागेको छ। उसको दाबी अदालतले खारेज गरिदिएपछि तीनवटा विद्युतीय आउडी गाडी अहिले पनि ड्राईपोर्ट भन्सारकै यार्डमा कबाडमा परिणत हुन थालेको छ।

भन्सार कार्यालयका सूचना अधिकारी चुडामणिशर्मा कट्टेलका अनुसार आदालतको आदेश आइसकेपछि विभागसँग कानूनी राय मागिएको छ, पहिलेको नियम अनुसार जरिवाना लिएर गाडी छोड्ने कि जफत गर्ने भनेर। जवाफ आएपछि सोही अनुसार गर्ने उनले बताए।

त्यसैगरी किशोर गियरले आयात


तस्वीरः प्रतीक

गरेको विद्युतीय दुईवटा ज्यागुआर र वेस्टार ग्लेक्सीको तीनवटा विद्युतीय टेस्लाबारे पनि केही महीनाभित्र आदेश आएपछि सोही अनुसार अघि बढ्ने ड्राइपोर्ट भन्सार कार्यालयको सोच छ। यी ८ वटा गाडी ७२ हजारदेखि डेढ लाख युरो डलरसम्मका छन्।

हाल विद्युतीय गाडीमा सरकारले गाडीको क्षमता अनुसार ३० देखि ४० प्रतिशत सम्म भन्सार र १३ प्रतिशत भ्याट राखेकोले पनि विद्युतीय गाडी आयात फेरि बढने प्रक्षेपण गरिएको छ। त्यसैगरी डिजेल, पेट्रोल इन्जिन गाडीमा २३५ देखि ३०६ प्रतिशतसम्म राजस्व तिर्ने नियमले विदेशबाट खरिद गरिएको एक करोडको गाडी नेपाल आउँदा ४ करोडदेखि ५ करोडसम्म पर्छ। ड्राइपोर्ट भन्सारमा जाँचपास नभएर अड्केको आठवटै गाडीको रङ्ग, चक्कामा क्षति पुग्न थालेको छ।

# इप्रका सिमराद्वारा ५ हजारलाई नागरिकता वितरण

प्रस, जीतपुर, २८ साउन/

इलाका प्रशासन कार्यालय, सिमरा बाराले आव २०७७-०७८ मा ४ हजार ९४७ जनालाई नागरिकता वितरण गरेको छ।

इप्रका सिमराका प्रमुख उपसचिव लक्ष्मण ढकालका अनुसार ३ हजार ५४७ लाई नयाँ नागरिकता वितरण गरिएको छ भने १०३ जनालाई वैवाहिक अङ्गीकृत, १ हजार २५० जनालाई नागरिकताको प्रतिलिपि जारी गरिएको छ। त्यसैगरी ५ सय ४९ जनालाई राहदानीको लागि काठमाडौं सिफारिश गरिएको प्रमुख ढकालले बताए।

इप्रका सिमरा बाराले जितपुरसिमरा उपमहानगरपालिका र निजगढ नगरपालिकाका बासिन्दालाई सेवा प्रदान गर्दै आएको छ।

यसभन्दा पहिले नागरिकता, राहदानी, विभिन्न सिफारिश र प्रमाणितको लागि कलैया धाउनुपर्दथ्यो तर अहिले जीतपुरसिमरामा कार्यालय स्थापना भएपछि सेवाग्राहीलाई सहज भएको छ।


## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की-१० |
| ३. डा. आनन्दकुमार झा | ०५१-५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. पन्नालाल पटेल | ९८५५०३४१५५ | सिद्धार्थ मेडिकल हल, नाउक्षे, वीरगंज |
| ५. डा. श्यामसुन्दर दास | | |
| ६. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१-५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१-५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की-१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१-५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१-५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१-५२१९२१ नाउक्षे अस्पताल, वीरगंज

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१-५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. रमोला साह, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३-५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।
**सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०७२९५०६०**

# अन्तर्राष्ट्रिय समाचार

## भारतमा दैनिक सङ्क्रमितको सङ्ख्यामा फेरि वृद्धि

नयाँ दिल्ली, २८ साउन/एएनआई

भारतमा कोरोना भाइरसबाट दैनिक सङ्क्रमितको सङ्ख्यामा फेरि वृद्धि भएको छ।


तस्वीरः एएनआई

सरकारी अधिकारीले बिहीवार दिएको जानकारी अनुसार पछिल्लो २४ घण्टामा थप ४१ हजार १९५ जना नयाँ सङ्क्रमित थपिएका हुन्। तर अघिल्लो दिन भने ३८ हजार ३५३ नयाँ सङ्क्रमित थपिएका थिए।

केही दिन अगाडिसम्म दैनिक सङ्क्रमितको सङ्ख्या घट्दै गएकोमा अहिले फेरि बढ्न थालेको देखिएको हो।

केन्द्रीय स्वास्थ्य मन्त्रालयले ४६ दिनदेखि भारतमा दैनिक सङ्क्रमितको सङ्ख्या ५० हजारभन्दा कम रहेको जनाएको छ।

भारतमा सङ्क्रमित अवस्थामा रहेकाहरूको सङ्ख्या तीन लाख ८७ हजार ९८७ पुगेको मन्त्रालयले जानकारी दिएको छ।

त्यसैगरी पछिल्लो एक दिनमा भारतमा ३९ हजार ६९ जना कोरोना भाइरस सङ्क्रमणबाट मुक्त भएका छन्।

एउटै समयमा नयाँ सङ्क्रमितको सङ्ख्याभन्दा सङ्त्रलमणमुक्त भएकाको सङ्ख्या थोरै भएकोले सक्रिय अवस्थामैं रहेका सङ्क्रमितको सङ्ख्यामा वृद्धि भएको छ।

भारतमा अहिले ९७.४५ प्रतिशत मानिस सङ्क्रमणमुक्त भएका छन्। सङ्क्रमणमुक्त भएकाको कुल सङ्ख्या भने तीन करोड १२ लाख ६० हजार ५० पुगेको छ।

सरकारी अधिकारीका अनुसार भारतमा अहिलेसम्म ४८ करोड ७३ लाख कोरोना परीक्षण गरिएको छ। भारतमा गत जनवरी १६ देखि कोरोना भाइरसविरुद्ध खोप शुरू भएको थियो। सो समयदेखि हालसम्म कोरोना भाइरसविरुद्ध ५२ करोड ३६ लाख डोज खोप लगाइएको छ।

## अफगानिस्तानमा केही हप्ता यता दशौं हजार नागरिक विस्थापित

संयुक्त राष्ट्रसङ्घ, २८ साउन/सिन्ह्वा

संयुक्त राष्ट्रसङ्घले पछिल्ला केही हप्ता यता, अफगानिस्तानमा जारी रहेको हिंसाका कारण, दशौं हजार नागरिक भागेको बताएको छ।

संयुक्त राष्ट्रसङ्घले हालै प्रकाशन गरेको एक प्रतिवेदनमा पछिल्ला केही हप्तामा अफगानिस्तानमा तालिबानीले हिंसा शुरू गरेको जनाएको छ।

अफगानिस्तानबाट अमेरिकी र नेटो सेना फर्किने समाचारहरू आएसँगै तालिबानीले यहाँका विभिन्न शहरमा कब्जा जमाउन थालेको समाचार बाहिर आइरहेका छन्।

जसका कारण यहाँ प्रतिदिन हिंसा जारी छ। यहाँका नागरिक अफगानी र तालिबानी सेनाको चेपुवामा परेकोले उनीहरू भाग्न बाध्य भएका छन्।

यो वर्षमात्र हिंसामा परेर करीब चार लाख नागरिक विस्थापित भई देशभित्रै आन्तरिक शरणार्थीका रूपमा बस्न बाध्य भएका छन्।

अहिले यहाँका विस्थापित नागरिकहरू आफ्ना बालबालिकासहित राजधानी काबुलमा शरण लिन थालेका छन्।

यहाँ कतिपय सहायता एजेन्सीले उनीहरूलाई आवश्यक खाने र बस्ने प्रबन्ध मिलाइरहेको समाचार आएको छ। दिनहुँ ठूलो सङ्ख्यामा विस्थापित भएकाहरू विभिन्न शहरमा पुगेकाले व्यवस्थापन गर्न पनि गाह्रो भइरहेको बताइएको छ।

हाल अफगानिस्तानबाट अमेरिकी र नेटो सेना फर्किन थालेपछि यहाँको सरकारी सेना र तालिबानीबीच भीषण सङ्घर्ष जारी रहेको बताइएको छ।

यस सङ्घर्षमा परी सयौं नागरिकको ज्यान पनि गएको छ भने कैयौं घाइते भएका छन्। रासस

## चीनमा मातृमृत्यु दर उल्लेखनीयरूपमा घट्यो

बेइजिङ, २८ साउन ९/सिन्ह्वा

चीनमा मातृमृत्यु दर उल्लेख्यरूपमा घटेको पाइएको छ। चीन सरकारले बिहीवार सार्वजनिक गरेको 'ह्वाइट पेपर'मा सो कुरा उल्लेख गरिएको छ।

उक्त सरकारी तथ्याङ्कका अनुसार यहाँ सन् २००२ मा प्रतिएक लाख जीवित जन्ममा ४३.२ प्रतिशत मातृ मृत्यु दर रहेकोमा सन् २०२० मा आएर १६.९ प्रतिशत मात्र देखिएको छ।

मातृ मृत्यु प्रतिएक लाखमा मापन गरिन्छ। यहाँ सन् २००२ मा एक लाख आमाले बच्चा जन्माउँदा ४३.२ जना आमाको ज्यान जाने गरेको थियो।

सो सङ्ख्यामा कमी आएर अहिले अर्थात् सन् २०२० मा बच्चा जन्माउने क्रममा अर्थात् प्रसूतिजन्य जटिलताका कारण हाल प्रतिएक लाख आमामा १६.९ जनाको मात्र ज्यान जाने गरेको छ।

यस तथ्याङ्कलाई चीन सरकारले यहाँका आमाको स्वास्थ्यमा आएको एक उल्लेखनीय प्रगति भनी टिप्पणी गरेको छ।

चीनको यो तथ्याङ्क सार्वजनिक भए लगत्तै विश्व स्वास्थ्य सङ्गठनले पनि चीनलाई आमा स्वास्थ्यका क्षेत्रमा उल्लेखनीय प्रगति गर्ने एक उदाहरणीय राष्ट्रका रूपमा चित्रण गरेको छ।

यस अघि पनि विश्व स्वास्थ्य सङ्गठनले चीन, आमा स्वास्थ्य क्षेत्रमा धेरै सुधार गरिरहेको राष्ट्रका रूपमा परिचित रहेको भनेको थियो। रासस

## पहिरोमा परी १० जनाको मृत्यु, ६० जना पुरिएको आशङ्का

शिमला, भारत २८ साउन/एएफपी

हिमाञ्चल प्रदेशको एउटा राजमार्गमा गएको पहिरोमा परी कम्तीमा १० जनाको मृत्यु भएको छ। पहिरोमा अरू कम्तीमा ६० जना पुरिएको आशङ्का गरिएको छ।

कम्तीमा २५ व्यक्ति बोकेको एउटा बस नै पहिरोमा पुरिएको भारत-तिब्बत सीमा सुरक्षा (आइटिबिपी)ले आशङ्का गरेको छ। "घटनामा परी कम्तीमा १० व्यक्तिको मृत्यु हुनुको साथै अन्य १४ जना घाइतेलाई उद्धार गरिएको छ"-आइटिबिपीले प्रकाशन गरेको एक विज्ञप्तिमा उल्लेख गरिएको छ।

हिमाञ्चल प्रदेशमा पहिरोले पुरेको गाडी निकाल्न भारत-तिब्बत सीमा सुरक्षाका लागि खटेका प्रहरी उद्धारकार्यमा परिचालित भएका छन्।

हिमाञ्चल प्रदेशको किन्नौर जिल्ला अन्तर्गत सो घटनास्थलमा अझै ढुङ्गा खसिरहेको तिब्बत सिमानामा कार्यरत एकजना स्थानीय प्रहरी अधिकारीले एएफपीलाई बताएका छन्।

टेलिभिजन च्यानलले एउटा ट्रक र कारको चित्र भग्नावशेषमा आधा गडेको, बाटोमा चट्टान रहेको र रूखको टुक्रा देखाएको छ। रासस

## अफगानिस्तानको हेल्मान्डमा ४५ लडाकू मारिए

काबुल, २८ साउन/एएनआई

अफगानिस्तानको हेल्मान्ड प्रान्तमा भएको सुरक्षा कारबाईमा परी कम्तीमा ४५ लडाकू मारिएका छन्। सो घटनामा परी अरू २२ जना घाइते भएको सुरक्षा अधिकारीले बिहीवार जानकारी दिएका छन्।

"हेल्मान्ड प्रान्तको नाहर सराज जिल्लामा भएको सुरक्षा कारबाईमा परी कम्तीमा ४५ लडाकू मारिएका छन् भने २२ घाइते भएका छन्"-रक्षा मन्त्रालयले जारी गरेको वक्तव्यमा भनिएको छ।

घटनास्थलबाट सुरक्षाकर्मीले यातायातका साधन, विस्फोटक पदार्थलगायत लडाकूले प्रयोग गर्दै आएका महत्त्वपूर्ण सामग्री नियन्त्रणमा लिएका छन्।

त्यसैगरी बल्ख प्रान्तमा पनि अरू २७ लडाकू मारिनुका साथै चार घाइते भएको रक्षा मन्त्रालयका अधिकारीले जानकारी दिएका छन्।

त्यसैगरी हेरात प्रान्तमा पनि २१ तालिबानी लडाकू सुरक्षा कारबाईका क्रममा मारिएका ती सुरक्षा अधिकारीले जनाएका छन्।

तालिबानी लडाकूले देशका विभिन्न क्षेत्रमा हिंसात्मक क्रियाकलाप बढाएका छन् भने सरकारी सुरक्षाकर्मीले पनि त्यसको जवाफी सुरक्षा कारबाई चलाएका छन्। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – यात्रालाभ | वृष – शत्रुपराजय |
| मिथुन – ज्ञानोदय | कर्कट – उदरपीडा |
| सिंह – विजय | कन्या – धनलाभ |
| तुला – भाग्योदय | वृश्चिक – बेचैनी |
| धनु – धनलाभ | मकर – कर्मप्राप्ति |
| कुम्भ – प्रगति | मीन – वादविवाद |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## सरकारले सबै नेपालीलाई समयमैं खोप प्रदान गर्छ -अर्थमन्त्री

काठमाडौं, २८ साउन/रासस

अर्थमन्त्री जनार्दन शर्माले कोभिड-१९ विरुद्ध खोप लगाउन बाँकी सबै नेपाली नागरिकलाई छिट्टै खोप प्रदान गरिने बताएका छन्।

राष्ट्रियसभाको आजको बैठकमा देशको वर्तमान आर्थिक अवस्थाका सम्बन्धमा वक्तव्य दिंदै उनले खोप लगाउन बाँकी व्यक्तिलाई समयमैं खोप प्रदान गरी जीवन रक्षा एवं अर्थतन्त्रलाई चलायमान बनाउनु सरकारको पहिलो जिम्मेवारी भएको बताए। अर्थमन्त्री शर्माले मङ्गलवार सोही वक्तव्य प्रतिनिधिसभाको बैठकमा प्रस्तुत गरेका थिए।

अर्थमन्त्री शर्माले कोभिड महामारीको पीडा भोगिरहेको जनजीवन र सोबाट शिथिल बनेको अर्थतन्त्रको पुनरुत्थान गरी नेपाली जनजीवनमा सकारात्मक परिवर्तन र समृद्धि ल्याउन सरकारको प्रयास केन्द्रित रहेको स्पष्ट पारे।

सबै नागरिकलाई खोप दिएर मात्र कोरोना नियन्त्रण हुने स्पष्ट आधार देखिएको भन्दै उनले खोप खरीदका लागि बजेट अभाव हुन नदिने प्रतिबद्धता जनाए। उनले भने-"खोप खरीदका लागि म अर्थमन्त्री भएकै दिन स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई आवश्यक बजेट निकासा गरेको छु। अहिले पनि नियमित छलफलमैं छु। जे-जति बजेट लाग्छ त्यो दिन अर्थ मन्त्रालय तयार छ। स्वास्थ्य मन्त्रालयले अनुमति पाइ पनि सकेको छ, सरकारले स्वास्थ्य क्षेत्रमा बजेटको कमी हुन दिनेछैन।"

अर्थमन्त्री शर्माले कोभिड महामारीबाट सिर्जित जनस्वास्थ्यमाथि इतिहासकै गम्भीर सङ्कटपूर्ण अवस्था तथा मुलुकको अर्थतन्त्रले भोगिरहेको प्रतिकूल परिस्थितिबीच वर्तमान सरकारले कार्यभार सम्हालेको भन्दै यति बेला सरकारको पहिलो कर्तव्य नै सबै नेपालीलाई कोभिड-१९ विरुद्ध खोप र अन्य आवश्यक स्वास्थ्य सुविधा उपलब्ध गराई जनस्वास्थ्यको रक्षा गर्नु र थप राहत र पुनःस्थपनाका कार्यक्रम एवं नीतिगत सुधारको माध्यमबाट अर्थतन्त्रलाई नयाँ गति प्रदान गर्नु रहेको बताए।

अर्थमन्त्री शर्माका अनुसार पहिलो मात्रा खोप लगाइसकेका करीब १३ लाख नागरिक लामो समयदेखि दोस्रो खोपको पर्खाइमा छन्। विसं २०७८ असार मसान्तसम्म २६ लाख ७९ हजार ८११ जनाले कोभिड-१९ महामारीविरुद्ध खोपको पहिलो र ११ लाख १२ हजार १६६ जनाले दोस्रो मात्रा लगाइसकेकोमा यही साउन २५ गतेसम्म ४५ लाख २५ हजार ४३५ जनाले पहिलो र २६ लाख छ हजार ४६ जनाले पूर्ण मात्रामा खोप लगाइसकेका छन्। स्वास्थ्य मन्त्रालयको विवरणमा हालसम्म करीब एक करोड मात्रा खोप नेपाल भित्रिइसकेको छ।

अर्थमन्त्री शर्माले अर्थतन्त्रका समग्र परिसूचकमा सुधार ल्याई जनताको गुमेको आशा र विश्वास पुनःस्थापित गर्दै सरकारी स्रोत साधनमाथिको दोहन रोक्ने, आर्थिक तथा वित्तीय अनुशासन कायम गरी सार्वजनिक खर्चलाई पूँजी निर्माण र सेवा प्रवाह सुधारमा केन्द्रित गर्ने र जनतामाथि पर्न गएको ऋणभार कम गराउँदै जान विशेष प्रयास गरिने दृढता व्यक्त गरे।

उनले विद्युत् उत्पादन, व्यापार तथा आन्तरिक खपत बढाएर उत्पादनशील क्षेत्रको प्रवर्द्धन गर्दै आयात-निर्यातबीचको खाडल कम गर्नेतर्फ सरकारले जोड दिने बताए। कृषि क्षेत्रको आधुनिकीकरण गरी यसलाई प्रतिस्पर्धी र व्यावसायिक बनाउँदै कृषिजन्य एवं स्वदेशी स्रोत साधनको उपयोग, साना तथा मझौला उद्योग व्यवसायको प्रवर्द्धन गरिनुका साथै स्वदेशी पूँजीसहित वैदेशिक लगानी आकर्षित गर्ने गरी ठूला उद्योगको विकासमा विशेष प्राथमिकता दिने बताए।

देशभित्रै रोजगारका अवसर सिर्जना गर्दै कृषकलगायत सीमान्तकृत गरीब र विभेदमा परेका जनताको मुहार फेरी संविधानले लक्षित गरे अनुरूप विकास र समृद्धिसहितको समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्न सम्पूर्ण ध्यान केन्द्रित गरिने र यस कार्यमा सरकारलाई सबैको साथ र सहयोग प्राप्त हुने उनले विश्वास व्यक्त गरे।


अर्थमन्त्री जनार्दन शर्मा

बैठकमा सांसदहरूको प्रश्नको जवाफमा अर्थमन्त्री शर्माले देशको वर्तमान आर्थिक अवस्थाको जानकारी देशको ऐना र वस्तुगत यथार्थ हो भन्दै यसमा पूर्वाग्रह नराख्न आग्रह गरे। "यहाँ भ्रमको खेती गर्न खोजिएको होइन, कुनै आग्रह-पूर्वाग्रह पनि छैन। भए-गरेका कामको फेहरिस्त पनि उल्लेख गरिएकै छ। यसमा कुनै आग्रहको गन्ध भेट्नुहुने छैन यदि भेटिएमा म कठघरामा उभिन तयार छु"-अर्थमन्त्री शर्माले भने।

उनले आगामी बजेट पूर्वाग्रही ढङ्गले विनियोजन नहुने प्रतिबद्धता जनाउँदै राष्ट्रिय गौरवका आयोजनालाई निरन्तरता दिनुका साथै कुनै परियोजनामा आर्थिक स्रोत अभाव हुन नदिइने बताए। सांसदले उठाएको सामाजिक सुरक्षा भत्तामाथि विभेदका विषय भावी आर्थिक नीतिमा समावेश गरिने अर्थमन्त्रीले वचन दिए। उनले प्रदेश नं २, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशका पिछडिएका क्षेत्रलाई भावी बजेटले प्राथमिकता दिने स्पष्ट पारे।

## माओवादी केन्द्रको भेला, कमिटी गठन

प्रस वीरगंज, २८ साउन/

नेकपा माओवादी केन्द्रको भेला धोबिनी गाउँपालिका-१ मा बिहीवार सम्पन्न भएको छ। भेलाले धनई रामको अध्यक्षतामा २९ सदस्यीय वडा कमिटी गठन गरेको छ। जिल्ला सदस्य सुब्बा रामको अध्यक्षतामा भएको भेलामा प्रमुख अतिथि सुकदेव गिरी थिए। भेलामा प्रभु पटेल, आलोक पाण्डेलगायतले मन्तव्य व्यक्त गरेका थिए।

यसैगरी, सिम्रौनगढ नगरपालिका-६ मा नेकपा माओवादीको भेला सम्पन्न भएको छ।

माओवादीका स्थानीय नेता सन्तोष कुशवाहाको अध्यक्षतामा भएको भेलाले निजकै अध्यक्षतामा २९ सदस्यीय वडा कमिटी विस्तार गरेको छ।

वडा कमिटीको उपाध्यक्ष रामाशिषप्रसाद कुशवाहा, सचिव राजकिशोर सिंह, कोषाध्यक्ष मञ्जु देवीलगायत सदस्य छन्। भेला नगर कमिटी अध्यक्ष श्यामकिशोर यादवको अध्यक्षतामा भएको थियो।

यसैगरी, नेकपा एमाले ठोरीको अगुवा कार्यकर्ता भेला बुधवार राईधारामा सम्पन्न भएको छ। एमाले ठोरीका अध्यक्ष खगेन्द्र श्रेष्ठको अध्यक्षतामा भएको पहिलो भेलाले गाउँपालिकाभित्र वडा, टोल स्तरमा सङ्गठन मजबूत बनाउने निर्णय गरेको छ। भेलामा जिल्ला समन्वय समिति, पर्साका उपसभापति ठाकुर न्यौपाने, जिल्ला कमिटी सदस्य लालबहादुर श्रेष्ठ, एमालेका अगुवा नेताहरू तिलकबहादुर श्रेष्ठ, मानबहादुर श्रेष्ठ, गोकुली रेग्मीलगायतको उपस्थिति थियो।

भेलाले जिल्ला कमिटीले बनाएको कार्यदललाई समावेशी बनाउन र केही सदस्यहरू थप गर्न सिफारिश गरेको अध्यक्ष श्रेष्ठले बताए।


सिम्रौनगढको भेला। तस्वीरः प्रतीक

## शिवलिङ्ग स्थापनाको लागि शोभायात्रा

प्रस, पर्सागढी, २८ साउन/

बारा जिल्लाको जीतपुरसिमरा


तस्वीरः प्रतीक

उपमहानगरपालिका-९ मा निर्माण भएको शिव मन्दिरमा शिवलिङ्ग स्थापनाको लागि आज शोभायात्रा निकालिएको छ।

शुक्रवार मन्दिरमा शिवलिङ्ग स्थापना गरिने र त्यसका लागि आज बाजागाजासहित निस्केको शोभा यात्राले जीतपुर बजार परिक्रमा गरेको थियो। मन्दिर निर्माण भएपछि शिवलिङ्ग स्थापनाको लागि गत सोमवार बारा जिल्लाको दुधौरा खोलाबाट जल भरेर सोही दिनदेखि मन्दिरमा पूजा अर्चना गरिंदै आएको छ।

शिव मन्दिरको निर्माण स्थानीय कृष्णप्रसाद गुप्ताले गरेका थिए। जीतपुरमा रहेको यो शिव मन्दिरलाई सानो गढीमाईको रूपमा परिभाषित गरिंदै आएको छ।







### रानीघाट-पोखरिया बस समिति

| | |
|---|---|
| भिस्वा- | बिहान ७:४० बजे |
| भिस्वा- | बिहान १०:०० बजे |
| भिस्वा- | मध्याह्न १२:०० बजे |
| भिस्वा- | दिउँसो १:३० बजे |
| दसौता- | दिउँसो २:३० बजे |
| सेढवा- | दिउँसो ३ बजे |
| देउरिया- | दिउँसो ३:१५ बजे |
| भिस्वा- | दिउँसो: ३:४० बजे |

# जनसङ्ख्याको आधारमा खोप उपलब्ध गराउन मुख्यमन्त्री गद्दीको माग

प्रस, जनकपुरधाम, २८ साउन/

प्रदेश २ का मुख्यमन्त्री लालबाबु



राउत गद्दीले प्रदेशलाई जनसङ्ख्याको अनुपातमा कोभिड १९ विरुद्धको खोप उपलब्ध गराउन माग गरेका छन्। उनले केन्द्रीय कोरोना सङ्कट व्यवस्थापन केन्द्रसँग सो माग गरेका हुन् ।

सिसिएमसी सचिवालयका प्रमुख बालानन्द शर्मा नेतृत्वको टोलीसहित मुजेलिया स्थित ग्रामीण प्रशिक्षण केन्द्रमा बिहीवार बसेका सिसिएमसीको बैठकमा मुख्यमन्त्री राउतले सो माग गरेका हुन्।

सबैभन्दा बढी जनघनत्व एवं भारतसँगको खुला सीमाका कारण कोरोना महामारीको अति जोखिममा रहेका प्रदेश २ लाई जनसङ्ख्याको अनुपातमा खोप उपलब्ध हुन नसकेको उनले गुनासो गरे । विगतमा केन्द्रीय नेतृत्वलाई कोरोना महामारीको जोखिम बारे बुझ्न प्रदेश २ को स्थलगत अनुगमनका लागी आग्रह गरे अनुसार शर्मा नेतृत्वको टोली प्रदेशमै आएर छलफल गरेको हो ।

बैठकमा सिसिएमसी सचिवालयका प्रमुख बालानन्द शर्माले महामारीको सम्भावित तेस्रो लहर तथा निकट भविष्यमा हुने स्मार्ट लकडाउनको विधिबारे जानकारी गराएका थिए ।

कार्यक्रममा स्वास्थ्य निर्देशनालयका निर्देशक विजय झाले प्रदेशको कोभिड–१९ को अवस्था एवं धनुषाका प्रमुख जिल्ला अधिकारीले धनुषाको अवस्था बारे बताएका थिए ।

कार्यक्रममा आन्तरिक मामिला तथा सञ्चार मन्त्री भरत साह, प्रमुख सचिव गोकर्णमणि दुवाडी, महान्यायाधिवक्ता दिपेन्द्र झा, जनकपुरधाम उपमहानगरका प्रमुख लाल किशोर साह, मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति डा. राम केवल साह लगायतको सहभागिता थियो।

# अन्तर्राष्ट्रिय युवा दिवस पर्सामा पनि मनाइयो

प्रस, ठोरी, २८ साउन/

अन्तर्राष्ट्रिय युवा दिवसको अवसर पारेर पर्साको ठोरी गाउँपालिकामा बिहीवार संवाद कार्यक्रम सम्पन्न भएको छ । ठोरी गाउँ कार्यपालिकाको




तस्वीरः प्रतीक

कार्यालयमा सम्पन्न कार्यक्रममा शरीर स्वस्थ राख्न खाद्य प्रणालीमा रूपान्तरण गर्नका लागि युवाहरूको भूमिका विषयमा छलफल भएको स्वास्थ्य संयोजक रमेशराज थिङले जानकारी दिए ।

कार्यक्रममा सहभागी वक्ताहरूले खानपानकै कारण संसारभरका मानिसहरूमा स्वास्थ्य समस्या बढ्दै गएकाले खानपान सुधारमा सबैले ध्यान दिनुपर्ने बताए । यस्तै, बजारमा पाइने हरियो तरकारी र अन्य खाद्यवस्तुमा प्रयोग भइरहेको विषादीका कारण स्वास्थ्य समस्या बढ्दै गएको र यसले मानवलाई दिन प्रतिदिन रोगी बनाउँदै लगिरहेकोमा वक्ताहरूले चिन्ता व्यक्त गरेका थिए ।

कार्यक्रममा सहभागी ठोरी–४ का अध्यक्ष बईबहादुर तामाङले खानपिनमा लापरवाही गर्दा मानव स्वास्थ्यमा समस्या बढ्दै गइरहेको बताए । अर्को प्रसङ्गमा वडाध्यक्ष तामाङले वडा ४ मा केही वर्षयता क्यान्सरका बिरामी बढ्दै गएकाले त्यस सम्बन्धमा गम्भीर भएर सोच्ने बेला आएको बताए। यस्तै, कार्यक्रममा मावि विजयबस्तीका प्रधानाध्यापक नारायण लामाले पछिल्लो समय अम्लीय खानेकुरामा युवायुवतीको आकर्षण बढ्न थालेकाले स्वास्थ्य समस्या निम्तिएको धारणा व्यक्त गरेका थिए। कार्यक्रममा पालिकाको कृषि शाखा संयोजक र पशु शाखा संयोजकले स्वास्थ्यसम्बन्धी धारणा व्यक्त गरेका थिए ।

कार्यक्रमको सहजीकरण गर्दै स्वास्थ्य संयोजक थिङले नेपालमा अहिले पनि ३६ प्रतिशत नागरिकमा कुपोषण रहेको तथ्याङ्क प्रस्तुत गर्दै कुपोषणको मुख्य कारण नै खानपान रहेको बताए। उनले खाना र वातावरणले बालबालिकाको स्वभाव, शारीरिक र मानसिक विकास लगायत निर्धारण गर्ने भएकाले खाद्य प्रणालीमा सबैले ध्यान दिनुपर्ने बताए ।

गापाका प्रमुख प्रशासकीय अधिकृत कृष्णलाल श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यक्रममा योजना शाखाका अधिकृत अर्जुनकुमार जिसी, शिक्षा संयोजक भुपालकुमार जोशी, पालिकाका विभिन्न शाखाका प्रमुखहरू, विभिन्न सङ्घसंस्थाका प्रतिनिधिहरूलगायतको उपस्थिति थियो ।

खाद्य प्रणालीमा रूपान्तरण, मानव तथा भूमण्डलीय स्वास्थ्यका लागि युवा नवप्रवर्तन भन्ने नाराका साथ देशभर अन्तर्राष्ट्रिय युवा दिवस मनाइएको छ।



तस्वीरः प्रतीक

*प्रस, वीरगंज/*

अन्तर्राष्ट्रिय युवा दिवस वीरगंजमा पनि विभिन्न कार्यक्रम गरी मनाइएको छ। युवालय, दिव्य युवा क्लब, चाइल्ड हब नेपाल, युवा वचन, हन्ड्रेट ग्रुप, एनजिओसिसी पर्सा, एनसिईलगायतका संस्थाहरूको आयोजनामा कार्यक्रम भएको थियो ।

घण्टाघरबाट प्रभातफेरी निकालिएको र माईस्थान हुँदै नगरपरिक्रमा गरी घण्टाघरमा कोणसभा गरिएको थियो। एनजिओसिसी पर्साका अध्यक्ष इब्राहिम देवानको अध्यक्षतामा भएको कोणसभाका प्रमुख अतिथि ओमप्रकाश सर्राफले युवाहरूलाई लागूऔषधजस्तो कुलतमा नफस्न सुझाव दिए । उनले युवाशक्तिलाई सामाजिक कार्यमा सहभागी भएर समाजलाई नजीकबाट नियाल्न आग्रह गरे ।

कोणसभामा सामाजिक कार्यकर्ता प्रकाश थारू, दिव्य युवा क्लबका कार्यकारी निर्देशक रामाकान्त पटेल, एनजिओसिसी पर्साका कोषाध्यक्ष विनोद यादव, चाइल्ड हब नेपालका अध्यक्ष आमिर हवारी, हन्ड्रेड ग्रुपका अध्यक्ष विनोद गिरी, एनसिईका महासचिव रामप्रवेश कुशवाहालगायतले मन्तव्य व्यक्त गरेका थिए ।

यसैगरी, अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा बुधवार भएको वक्तृत्वकला प्रतियोगिताका विजयीहरूलाई शिल्ड, मेडल, प्रमाणपत्र प्रदान गरिएको थियो। कोणसभामा युवा वचनका अध्यक्ष किशु सर्राफले स्वागत र युवालयका जया साहले सहजीकरण गरेका थिए ।

# बाराका डिएफओ अहमद र सशस्त्र वन रक्षक पुरस्कृत

प्रस, निजगढ, २८ साउन/

डिभिजन वन कार्यालय बाराका



डिएफओ अहमद र सशस्त्र वन रक्षक कमान्डर कटुवाल (बायाँ) । तस्वीरः प्रतीक

प्रमुख एवं डिएफओ मन्जुर अहमदलाई गणेशमान सिंह राष्ट्रिय सामुदायिक वन पुरस्कार प्रदान गरिएको छ ।

देशभरिका डिभिजन वन कार्यालयहरूमध्ये वन संरक्षणको कार्यमा उत्कृष्ट भूमिका निर्वाह गरेबापत राष्ट्रियरूपमा प्रशंसापत्र प्रदान गरिएको हो । काठमाडौंमा वन तथा भूसंरक्षण विभागको आयोजनामा गरिएको कार्यक्रममा प्रशंसापत्र डिएफओ अहमदलाई प्रदान गरिएको हो।

राष्ट्रिय प्रशंसापत्र प्राप्त भएपछि वन संरक्षणमा अझै काम गर्ने हौसला, ऊर्जा प्राप्त भएको बताउँदै वनक्षेत्रको संरक्षण, विकास, संवर्धनमा वन कर्मचारीका साथै स्थानीय तह, जनप्रतिनिधि, आमनागरिक, सरोकारवाला निकायहरूको समेतको महत्त्वपूर्ण भूमिका रहने डिएफओ अहमदले बताए ।

त्यसैगरी, वन संरक्षणको क्षेत्रमा विभागबाट प्राप्त गहन जिम्मेवारीलाई इमानदारिताका साथ कर्तव्य पालना गर्दै बाराको वनक्षेत्र संरक्षणमा महत्त्वपूर्ण योगदान पुऱ्याएबापत डिभिजन वन कार्यालय बाराका कमान्डर एवं सशस्त्र वन जमदार ध्रुवकुमार कटुवाल रु १ लाख राशिसहित राष्ट्रिय पुरस्कारद्वारा सम्मानित भएका छन्। वन संरक्षणको दौरानमा सशस्त्र वनरक्षक गणेशबहादुर शाहीको हत्या भएपछि वन तथा भूसंरक्षण विभागले शाहीको नाममा राष्ट्रिय पुरस्कार प्रदान गर्ने घोषणा गरेपछि पहिलो वर्षको पुरस्कार बाराका सशस्त्र वनरक्षक जमदार कटुवाललाई प्रदान गरिएको हो ।

## गोठमा आगलागी

प्रस, सिम्रौनगढ, २८ साउन/

सिम्रौनगढ नगरपालिका–११ भगवानपुर निवासी रूपलाल कुर्मीको गोठमा बिहीवार बिहान १ बजे आगो लागेको थियो ।

आगलागीबाट एउटा पाडी, बाख्रा जलेर मरेको र नयाँ घर बनाउनका लागि राखिएका काठ नष्ट भएको पीडित कुर्मीले बताए। लामखुट्टे धपाउन बालेको घुरबाट आगलागी भएको उनले बताएका छन् । वारुणयन्त्र र स्थानीयवासीको सहयोगमा आगलागी नियन्त्रणमा लिइएको थियो ।

### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
| --- | --- | --- | --- | --- |
| | | जानकारी आएन | | |




# प्रअले भेदभाव गरेको विद्यार्थीको गुनासो

प्रस, पर्सागढी, २८ साउन/

पर्सागढी नगरपालिका–४ स्थित



तस्वीरः प्रतीक

नेरामावि बर्वाछटौलीमा अध्ययनरत एसइईका विद्यार्थीहरूले प्रअले अङ्क दिने कुरामा भेदभाव गरेको आरोप लगाएका छन् ।

एकजना विद्यार्थीले परीक्षा बोर्डले निर्धारण गरेको मापदण्डविपरीत प्रअ रामबहादुर चौधरीले आफ्नजीकका अभिभावकका छोराछोरीको अङ्क बढाएको र जेहेन्दार विद्यार्थीहरूको अङ्क घटाएको आरोप लगाए । ती विद्यार्थीले आफू नियमित कक्षामा उपस्थित भएको, कक्षा ८ र ९ को रिजल्ट पनि राम्रो भएको तर सो मिलाएर अङ्क दिनुपर्नेमा नदिएको आरोप लगाए। उनले दुई महीना विद्यालयमा अनुपस्थित रहेका र कक्षा ८ र ९ मा आफूभन्दा कम अङ्क ल्याएकाहरूको एसइईमा बढी अङ्क दिइएको बताए ।

प्रअ चौधरीसँग सम्बन्ध राम्रो भएका र नजीकका व्यक्तिका छोराछोरीले बढी अङ्क पाएको उनको गुनासो छ । यस सम्बन्धमा प्रअ चौधरीसँग बुझ्दा उनले कसैलाई काखापाखा नगरेको बताए । परीक्षा बोर्डले निर्धारण गरेको नीति नियम अनुसार नै विद्यार्थीहरूलाई अङ्क दिइएको प्रअ चौधरीको भनाइ छ ।

## तपाईंको मास्क.....

साधनका चालक, यात्री, विद्यार्थी, व्यापारी र स्थानीय बासिन्दालाई बिहीवार निजगढमा १५ सयभन्दा बढी निश्शुल्क मास्क वितरण भएको थियो । इप्रका निजगढबाट निस्केको संयुक्त अभियान बुद्ध चोक, शहीद चोक हुँदै इप्रका पुगी समापन भएको थियो ।

# सिम्रौनगढ जाने नहरको बाटो मरम्मतमा ढिला

प्रस, सिम्रौनगढ, २८ साउन/

कलैयादेखि सिम्रौनगढसम्म जाने गण्डक नहरको बाटो ठाउँ–ठाउँमा बिग्रिएको कारण सवारीसाधन सञ्चालनमा समस्या भएको छ। गण्डक नहरको यो बाटो कालोपत्र गरिँदैछ तर वर्षाको कारण अहिले ठेकेदारले काम बन्द गरेका छन् ।

समयमा कालोपत्र गर्ने काम सम्पन्न नगर्दा गण्डक नहरबाट सञ्चालित सवारीसाधनलाई समस्या भइरहेको सिम्रौनगढका बस इन्चार्ज असलम आलमले बताए ।

उनले गण्डक नहरको बाटो कालोपत्र भइरहेकोमा अविलम्ब काम सुचारु गर्नुपर्ने बताए । उनले यथावस्थामा सवारीसाधन सञ्चालन गर्न नसकिने पनि बताए ।

